- मदिरा तथा सुर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं।
- मदिरा तथा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ।
- जनस्वास्थ्यसम्बन्धी कानूनको पूर्णरूपमा पालना गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक
दैनिक

राष्ट्रिय 'क' वर्ग

epateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० जेठ ०६ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 20 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५९

## डिभाइडरमा गरिएको वृक्षारोपणमा अनियमितता

प्रस, वीरगंज, ५ जेठ/

घण्टाघरदेखि पावरहाउस चोकसम्म डिभाइडरमा वृक्षारोपण गर्ने कार्यमा अनियमितता भएको पाइएको छ। उपभोक्ता समितिमार्फत डिभाइडरमा मनकामना नर्सरीले ठूला तथा साना बिरुवाहरू रोपेको हो। सो नर्सरीले पेश गरेको बिल भने बजार मूल्यभन्दा तीन गुणा बढी छ।





तस्वीरः नरेश यादव

जिल्ला समन्वय समितिका अनुसार जिल्ला दररेटमा पाँचदेखि सात फिटसम्मको बिरुवाको मूल्य रु अढाई हजार, तीन फिटदेखि पाँच फिटसम्मको बिरुवाको मूल्य रु २१० र तीन फिटसम्मको बिरुवाको मूल्य रु १४२ कायम रहेकामा अहिले मनकामना नर्सरीले पाँचदेखि सात फिटसम्मको बिरुवाको रु साढे पाँच हजारदेखि सात हजार ८०० सम्म मूल्य कायम गरेर महानगरसँग भुक्तानी माग गरेको छ।

यसैगरी, बेली–चमेली फूलको बिरुवाको मूल्य बजारमा रु ८० पर्नेमा रु ७०० माग भएको थाहा हुन आएको छ। नर्सरीका सञ्चालक रवीन्द्र कुशवाहाले घण्टाघरदेखि पावरहाउस चोकसम्म र शङ्कराचार्यद्वारमा गरिएको वृक्षारोपणमा करीब चार हजार बिरुवा रोपिएको बताए। नगरप्रमुख राजेशमान सिंहले बजार दरभन्दा बढी मूल्यको बिल पेश भएका कारण यसको भुक्तानी रोकेका छन्।

मनकामना नर्सरीले बोतल पाम, ड्रेगन पाम, फोकस पाम, पेल पाम, फोक्सेल पाम, क्रोटन पाम, बेली–चमेली फूलको बिरुवा रोपिएको छ। डिभिजन वन कार्यालय, पर्साका प्रमुख सुभाषचन्द्र दासले अहिले बेला बिरुवा रोप्ने समय नभएको बताए। उनले वृक्षारोपण गर्ने समय



असार महीना भएको तर महानगरले अहिले गरेको वृक्षारोपण टिकाउ नहुने प्रतिक्रिया दिए।

प्रमुख दासले महानगरले अहिले गरेको वृक्षारोपणमा दूरी कायम पनि नगरेकोले भद्रगोल भएको र बिरुवा मर्ने सम्भावना प्रबल रहेको बताए।

**भारतबाट बिरुवा ल्याइनु गैरकानूनी**

घण्टाघरदेखि पावरहाउस चोकसम्म र शङ्कराचार्यद्वारलगायतका क्षेत्रमा गरिएको वृक्षारोपणमा प्रयोग भएका बिरुवाहरू भारतको कोलकाताबाट ल्याइएको स्रोतले जनाएको छ। स्वयम् नगरप्रमुख र उनका योजना सल्लाहकार प्रकाशमान सिंह अमात्यले महानगरले वृक्षारोपणको लागि कोलकाताबाट बिरुवा मगाएको बताउँदै आएका छन्। तर भारतबाट बिरुवा आयात गर्ने इजाजत नभएको प्लान्ट क्वारेन्टाइन, पर्साले जनाएको छ।

क्वारेन्टाइन प्रमुख काफिल अहमदले भारतबाट बिरुवा आयात गर्न नमिल्ने र त्यस्तो कानून पनि नभएको बताए। उनले महानगरले त्यसो गरेको हो भने सो कार्य गैरकानूनी भएको प्रतिक्रिया दिए।

**वृक्षारोपणसम्बन्धी फाइल गायब**

वीरगंज महानगरपालिकामा वृक्षारोपणसम्बन्धी फाइल अहिले भेटिंदैन। योजना शाखामा सोधनी गर्दा फाइल आफूसँग नभएको त्यहाँका जिम्मेवार व्यक्तिहरूले बताएका छन्। उपभोक्ता समितिमार्फत कार्य भएकोमा समितिलाई पेश्की रकमबापत ५० प्रतिशत रकम भुक्तान भएको मौखिकरूपमा जानकारी गराए पनि फाइल नभएको भन्दै यकीन बताइएन।

प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले नगरप्रमुखको आदेशमा पेश्की दिएको बताए। उनले सरकारी दररेट अनुसार भुक्तानी हुने बताए। तर २०७४ सालमा मन्त्रालयले उपभोक्ता समितिमार्फत हुने काममा पेश्की नदिन निर्देशन गरेको थियो। अहिले महानगरमा ८० प्रतिशतभन्दा बढी कार्य उपभोक्ता समितिमार्फत हुँदै आएको छ र थुप्रै शीर्षकमा पेश्की पनि दिने गरेको स्रोतले जनाएको छ।

**अख्तियारको निगरानी**

महानगरले गरेको कार्यमा अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निगरानी बढाएको छ। माईस्थान मन्दिर सौन्दर्यीकरणमा मुख्य सडकदेखि मन्दिरसम्म र आसपासका क्षेत्रमा महानगरले पेवर्स (टायल) लगाएको छ। यो पनि उपभोक्ता समितिमार्फत लगाइएको र यसमा ८५ लाख रुपैयाँभन्दा बढी खर्च देखाइएको छ। नगरस्तरीय योजना अन्तर्गतको यो कार्यमा अनियमितता भएको आरोप लागेपछि बिहीवार अख्तियारले सो क्षेत्रको नापजाँच गरेको स्रोतले जनाएको छ।

## हिलियम ग्याँसको अभावमा एमआरआई सञ्चालनमा आएन

प्रस, वीरगंज, ५ जेठ/

नारायणी अस्पतालमा एमआरआई सञ्चालनमा आउन अझ केही समय लाग्ने भएको छ।



अस्पतालबाहिर थन्काएर राखिएको एमआरआई मेशिन। तस्वीरः प्रतीक

लुम्बिनी साइन्सेजमार्फत रु ३० करोडमा खरीद भएको श्री टेस्ला एमआरआई मेशिन सञ्चालनमा आउन अझै केही महीना लाग्ने भएको छ। एक वर्षअगाडि ठेक्कामार्फत लुम्बिनी साइन्सेजले आयात गरेको श्री टेस्लाको अत्याधुनिक एमआरआई मेशिन हिलियम ग्याँसको अभावमा सञ्चालनमा आउन नसकेको अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले बताए।

उनले एमआरआई सञ्चालनको लागि आवश्यक पूर्वाधार, भौतिक संरचना, जनशक्तिको व्यवस्थापन भएपनि हिलियम ग्याँसको अभावमा एमआरआई सञ्चालनमा आउन नसकेको बताए। अहिले विश्वभर यो ग्याँसको अभाव भएको र ठेकेदारले आयात गर्न नसकेको कारण सञ्चालनमा ढिला भएको सूचना अधिकारी डा सिंहको भनाइ छ।

नारायणी अस्पतालपछि वीर अस्पतालको ट्रमा सेन्टरमा श्री टेस्लाकै एमआरआई मेशिन जडान भएको छ। वीर अस्पतालमा जडान भएको श्री टेस्लाको एमआरआई मेशिन खरीदमा अनियमितता भएको आरोप लागेपछि अख्तियारले चासो देखाएको थियो। वीर अस्पतालको घटनामा अख्तियारले वीरगंजमा जडान भइरहेको श्री टेस्लाको एमआरआई मेशिनबारे जानकारी लिएको थियो। अख्तियारले मेशिन जडान भएर सञ्चालनमा आउँदा खबर गर्न अस्पताललाई निर्देश गरेको छ।

वीरगंजमा अहिले दुई ठाउँमा एमआरआई मेशिन सञ्चालनमा छ। एडभान्स अस्पतालको अगाडि डा मनोज रूँगटाको ट्रमा सेन्टर र वीरगंज हेल्थकेयरमा एमआरआई मेशिन सञ्चालनमा छन्। यहाँ सञ्चालित एमआरआई १.५ टेस्ला हो। यसको लागि हिलियम ग्याँस आवश्यक पर्दैन। त्यसैले यी दुई ठाउँमा एमआरआई सञ्चालनमा छन्।

अस्पतालमा एमआरआई सञ्चालन भएपछि बजारभन्दा ३० प्रतिशत सस्तो हुने सूचना अधिकारी डा सिंह बताउँछन्। अहिले निजी क्षेत्रमा एमआरआई गराउँदा सामान्यतया रु १२ हजारसम्म सर्वसाधारणले तिर्नुपर्छ।

नारायणी अस्पतालमा एमआरआई सञ्चालन भएमा मधेस प्रदेशका बिरामीहरू आकर्षित हुने बताइन्छ। यो क्षमताको एमआरआई मेशिन नेपालमैं पहिलो भएको र मधेस प्रदेशका सेवाग्राही वीरगंजमा उपचारको लागि आउने सम्भावना छ। तर एमआरआई सञ्चालन नहुँदा सर्वसाधारण सो सुविधाबाट वञ्चित हुनुपरेको छ। अहिले एमआरआई सञ्चालन नहुनुमा निजी क्षेत्रको दबाब तथा अख्तियारको हस्तक्षेप भनेर हल्ला फैलाइए पनि त्यसमा सत्यता नरहेको सूचना अधिकारी डा सिंहले बताए। उनले हिलियम ग्याँस अभावमा सञ्चालन नभएको र यसको आपूर्ति हुनासाथ एमआरआई सञ्चालनमा आउने बताए।

## गाउँघरमा गरीबहरूले ऋण पाउन छाडेपछि समस्या

प्रस, वीरगंज, ५ जेठ/

मिटरब्याजीविरुद्ध अभियान चलेपछि अहिले गाउँघरमा गरीबले ऋण पाउन नसकेपछि पर्सामा एक दर्जनभन्दा बढी बिहे रोकिएका छन्।

देशको अर्थतन्त्र खस्किंदो अवस्थामा रहेको बेला एकातर्फ बैंकले सर्वसाधारणलाई ऋण दिन छाडेको छ भने अर्कोतिर गाउँघरमा साहुबाट लेनदेन हुने रकम पनि बन्द भएको छ। जसले गर्दा रकम अभावमा यस वर्ष तोकिएका विवाहका मिति आगामी वर्ष सारिएका छन्।

गाउँमा घरजग्गा बेचेर विवाह गर्न खोजे पनि अहिले त्यो सम्भव देखिएको छैन। साहुमहाजनले मिटरब्याजीमा कारबाई हुने भयले यस प्रकारको लेनदेन बन्द गरेको लङ्डी निवासी राजकुमार गुप्ताले बताए। उनले केटापक्षले दाइजो माग गर्ने, केटीपक्षले मिटरब्याजकै हल्लाले दाइजोको व्यवस्थापन गर्न नसक्दा बिहे कार्यक्रम रद्द हुँदै आएको बताए।

गरीबहरूले ऋण नपाएपछि उनीहरूले थप समस्या बेहोर्दै आएका छन्। सानोतिनो रकमको लागि यसअघि गरीबहरू साहुमहाजनको ऋणमा आश्रित थिए। अहिले मिटरब्याजीलाई कारबाई हुने हल्लाले साहुमहाजनले ऋण दिन चाहेका छैनन् भने आवश्यक हुनेहरूलाई ऋण नपाउँदा समस्या बढ्दो छ।



वीरगंजमा रहेका पार्टी प्यालेस, होटलमा वैवाहिक कार्यक्रमको बूकिङ यही कारणले स्थगित भएको रोयल पार्टी प्यालेशका सञ्चालक कुमार श्रेष्ठले बताए। उनले आफ्नो पार्टी प्यालेशमा दुईवटा वैवाहिक कार्यक्रमको बूकिङ स्थगित भएको जानकारी गराए। स्थगित हुनुको कारण अन्य बताइए पनि मुख्य कारण भने मिटरब्याजीविरुद्ध कारबाई हुने हल्ला नै भएको उनले दाबी गरे। गाउँघरमा पुरानो चलनको रूपमा रहेको ऋण लेनदेन अहिले रोकिएकाले यसको असर सर्वत्र परेको श्रेष्ठ बताउँछन्।

गाउँघरका साहुमहाजनहरू ऋण दिएमा आफूहरूविरुद्ध मिटरब्याजीको आरोप लाग्ने र जेलसमेत जानुपर्ने हुनाले लेनदेन कार्य बन्द गरेको बताउँछन्।

बिहेवारी मात्र होइन घरायसी खर्चको लागि पनि मानिसहरूलाई अहिले समस्या भइरहेको छ। धेरैजसो गरीब साहुमहाजनको ऋणमा आफ्नो दैनिकी चलाउँछन्। कमाउने र ऋण चुक्ता गर्ने क्रम भङ्ग भएपछि उनीहरूलाई समस्या भएको छ। समयमा ज्याला नपाउने र साहुमहाजनले पनि ऋण दिन छाडेपछि गरीबीको रेखामुनि रहेका मानिसहरूको समस्या झनै विकराल बनेको छ। कतिपय गरीब ऋण अभावमा उपचार गराउनबाट पनि वञ्चित भएका छन्।

## प्रतीककर्मी सहनी अस्वस्थ

प्रस, वीरगंज, ५ जेठ/

प्रतीक दैनिकका बारा विशेष संवाददाता गम्भीरा सहनी अस्वस्थ भएर अस्पताल भर्ना भएका छन्। जीतपुरसिमरा उपमहानगर–७ बस्ने पत्रकार सहनीलाई हिजो वीरगंजस्थित एलएस न्युरो अस्पतालमा भर्ना गरिएको उनका छोरा ऋषि सहनीले बताए।

बुबाको एकातर्फको शरीर नचल्ने, बोल्न नसक्ने तथा अचेत अवस्थामा उनको उपचार भइरहेको छोरा सहनीले बताए।



## नागरिक उन्मुक्ति पार्टीको नेपाल बन्द स्थगन, वीरगंजमा प्रदर्शन

प्रस, वीरगंज, ५ जेठ/

नागरिक उन्मुक्ति पार्टीले शुक्रवार वीरगंजमा प्रदर्शन गरेको छ।

जिल्ला अध्यक्ष निरञ्जन चौधरीको अगुवाइमा घण्टाघरबाट निस्केको जुलूस माईस्थान पुगेर पुनः घण्टाघरमा कोणसभा गरी समापन भएको थियो।

कोणसभाका वक्ताहरूले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, संसदीय सुनुवाइ र देवी शर्माको प्रतिवेदन पनि सार्वजनिक गर्नुपर्ने तथा जेलमा रहेका पार्टी अध्यक्ष रेशम चौधरीलाई रिहा गर्नुपर्ने माग गरेको पार्टीका सहसचिव अमित गौरोले बताए। उनले भोलि जेठ

(बाँकी पाँचौं पातामा)




तस्वीरः प्रतीक

## विचारसार र सूक्तिहरू

**जसको इन्द्रिय वशमा छैन, निरङ्कुश र स्वेच्छाचारिणी छ, त्यो एउटा यस्तो घर हो, जसको भित्ता भत्किसकेको छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# पूर्ण खोप अभियान

**पूर्ण खोप अभियान चलिरहेको छ। पहिले पूर्ण खोप वडा घोषणा गर्ने, त्यसपछि क्रमश: पालिका, जिल्ला र प्रदेश हुँदै मुलुकलाई नै पूर्ण खोप मुलुक घोषणा गर्ने अभियानको लक्ष्य हो। 'पूर्ण खोप' भन्नाले राष्ट्रिय खोप तालिकामा समावेश भएका १५ महीना उमेरभित्रमा शिशुले पाउनुपर्ने सबै खोप, सबै बालबालिकाले पूर्णरूपमा लिएको एवं पछि तालिकामा अन्य खोपहरू थप भएमा सोसमेत लिएको अवस्थालाई जनाउँछ। सामान्य अवस्थामा शिशु जन्मेदेखि १५ महीनासम्म आठ किसिमका खोप दिइन्छ। उक्त खोपहरूले बालबालिकालाई विभिन्न १३ किसिमका जटिल रोगबाट बचाउँछन्। जस्तै जन्मनेबित्तिकै दिइने खोप बिसिजी, यस खोपले क्षयरोगबाट बच्न मदत गर्छ। त्यसैगरी, बच्चा दुईदेखि छ हप्ताभित्र रोटा, एफआइपिभी, डिपिटी, ओरल पोलियो थोपा र पिसिभी भ्याक्सिनको पहिलो मात्र लगाइन्छ। रोटा खोपले रोटाभाइरसबाट हुने झाडापखालाबाट बच्न मदत गर्छ। डिपिटी, हेपा 'बी' खोपले बच्चालाई विभिन्न पाँचवटा रोगबाट बचाउँछ। भ्यागुते रोग, लहरे खोकी, धनुष्टङ्कार, हेपाटाइटिस बी र हेमोफिलस इन्फ्ल्युएन्जा बीबाट यस खोपले बालबालिकालाई सुरक्षित राख्छ। त्यसैगरी, झोलको रूपमा मुखबाट दिइने पोलियोको औषधि पोलियो रोगबाट बचाउन र पिसिभी भ्याक्सिनले निमोनियाबाट बचाउँछ। यसैगरी, जापानिज इन्सेफ्लाइटिस भ्याक्सिन, दादुरा रुबेला खोपको आफ्नै महत्त्व छ। यी सबै खोप समयमा सबै बालबालिकाले पाएमा पूर्ण खोप मानिन्छ।**

**आंशिक खोपले आंशिक रोगहरूबाट मात्रै बचाउँछ। जसले कुनै पनि खोप पाएको छैन, ऊ कुनै पनि बेला रोगग्रस्त बन्न सक्छ। जुन बेला गर्भवती आमा तथा शिशुका लागि खोपको चलन थिएन, त्यस बेला जन्मेका शिशु बाँच्नु भाग्य जस्तै थियो। त्यस बेला शिशु नगुमाएका आमा कमै हुन्थे, बालबालिका नगुमाएको घर विरलै पाइन्थे। खोप आएदेखि बाल मृत्युदरमा न्यूनीकरण भएको हो। नेपालमा अझै पनि पाँच वर्षमुनिका प्रतिहजार जीवित बालबालिकामा ३३ जनाको मृत्यु हुने गरेको छ। दिगो विकासको लक्ष्य अनुसार सन् २०२२ सम्म बालबालिका मृत्यु प्रतिहजारमा २७ पुर्‍याउने लक्ष्य थियो। तर मृत्युदरमा सुधार देखिए पनि लक्ष्य हासिल गर्न चुकेको छ।**

**लक्ष्य हासिल गर्न नसक्नुका केही कारण खोपको लक्ष्य पूरा नहुनु नै हो। नेपाल सरकारले सन् २०१९ सम्म दादुरा–रुबेला नियन्त्रित मुलुक घोषणा गर्ने लक्ष्य राखेको थियो। अभियान सफल नभएपछि सन् २०२३ सम्म पुर्‍याइएको छ। मुलुकमा चार प्रतिशत बालबालिका शून्य खोपको अवस्थामा छन्। उनीहरूले आठमध्ये कुनै पनि किसिमका खोप पाएका छैनन्। खोप नपाउनेमा गरीबी, ज्याला मजदूरी, अशिक्षा एवं दूरदराजका ग्रामीण क्षेत्रका बालबालिकाहरू छन्। भौगोलिक विकटताले पनि यो समस्या थपेको छ। कतिपय क्षेत्रमा स्वास्थ्यकर्मीको इमानदार प्रयासले पनि सम्भव हुन सकेको छैन। खोला, नदी, साँघु, तुइन, डाँडा, पाखा पार गरेर गए पनि बस्तीमा बालबालिका, अभिभावक फेला पर्दैनन्। १६ प्रतिशत बालबालिकाले आंशिक खोप मात्रै पाएका छन्। पूर्ण खोपका निम्ति औपचारिक प्रचारप्रसारले मात्रै हुँदैन। सञ्चार, सामाजिक छलफल तथा संवादसम्म पहुँच नभएकाहरूका लागि कार्यस्थलमा नै सेवा दिने साथै [redacted]र्यक्रम आवश्यक छ।**

# सांसारिक दु:खको मुख्य कारण– अज्ञानता


दर्शन



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**मुक्तिको लागि विवेकी ज्ञान आवश्यक छ। साङ्ख्य दर्शनको दृष्टिकोणबाट मुक्तिको लागि प्रकृति–पुरुषबीचको भिन्नता जान्नु आवश्यक हुन्छ। त्यही अवस्थामा पुरुष सुख र दु:खबाट अलग भएर प्रकृतिबाट अलग रहन सक्छ र कर्मको फलबाट मुक्त हुन सक्छ।**

मानवजीवनको प्रादुर्भावसँगै तत्कालीन प्राकृतिक परिघटनाहरू मानिसका लागि जति कौतुहलताको विषय थियो, त्यति नै त्रासको पनि विषय थियो। त्यसैले सबै समुदायले प्रकृतिलाई बुझ्ने र सोबारेमा एउटा ठोस धारणा बनाउन जरुरी थियो र त्यसै क्रममा विभिन्न दर्शनहरू विकास भएका हुन्। साङ्ख्य दर्शनले प्रकृति र पुरुषसँगै २३ अन्य तत्त्व पत्ता लगाएको छ र यसरी यो दर्शन अनुसार कुल तत्त्वहरूको सङ्ख्या २५ छन्– प्रकृति, पुरुष, महत (बुद्धि), अहङ्कार, पञ्च ज्ञानेन्द्रिय (आँखा, कान, जिब्रो, नाक, छाला), पञ्च कर्मेन्द्रिय (वाणी, हात, गुद्वार, खुट्टा, रूप, गुप्ताङ्ग), मन, पञ्च तन्मात्र (स्वरूप, स्वाद, गन्ध, ध्वनि, स्पर्श), पञ्च महाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश)। साङ्ख्य दर्शनका २५ तत्त्वलाई अझ यसरी स्पष्ट पार्न सकिन्छ– प्रकृति–प्रकृति वा प्रधान वा अव्यक्त–१। विकृति– हात, खुट्टा, बोली, गुद्वार, गुप्ताङ्ग, आँखा, कान, नाक, जिब्रो, छाला, मन, पृथ्वी, जल, वायु, आकाश र अग्नि–१६। प्रकृति–विकृति– अहङ्कार, महत (बुद्धि), शब्द, स्पर्श, रूप, रस र गन्ध– ७। न प्रकृति न विकृति– पुरुष (आत्मा)– १। योगफल– १+१६+७+१= २५।

ब्रह्माण्डको सृष्टिको सम्बन्धमा साङ्ख्यले सत्कार्यवादको सिद्धान्त प्रतिपादन गरेको छ। यस सिद्धान्त अनुसार कार्य कारणमा पहिलेदेखि नै निहित हुन्छ। साङ्ख्यका अनुसार कार्य न एक नयाँ उत्पत्ति हो र न कारणमा त्यसको अभाव हुन्छ। कारण र कार्य समानरूपले सत्य हुन्छन् र कार्य कारणको परिणाम हुन्छ। कार्य वस्तुत: कारणमा विद्यमान रहन्छ। कार्यको उत्पत्ति भनेको कारणको वास्तवमा रूपान्तरित हुनु हो– जस्तो कि दूधको परिणाम दही। यो सृष्टि पनि प्रकृतिमा पहिलेदेखि नै निहित थियो, तबमात्र यसको उत्पत्ति सम्भव भएको थियो। प्रकृति कारण हो र सृष्टि यसको कार्य हो। कारण कार्यरूपमा परिवर्तन हुने कुरा नै उत्पत्ति हो र पुन: कारणको रूपमा परिवर्तन हुनु विनाश हो। साङ्ख्य दर्शनले ब्रह्माण्डको विकासक्रमलाई पनि स्पष्ट पार्ने प्रयास गरेको छ। यस अनुसार सर्वप्रथम महतको उत्पत्ति प्रकृति र पुरुषको मिलनबाट भएको हो। साङ्ख्य दर्शनमा महतको अर्थ– ब्रह्माण्डीय बुद्धि हो। यो वेद र उपनिषद्को हिरण्यगर्भको पर्यायवाची जस्तो देखिन्छ। यसपछि महतबाट अहङ्कारको जन्म भयो। अहङ्कार ब्रह्माण्डको विविधताको आधार हो र यो आत्मबोधको प्रवर्तक हो। अहङ्कार र सतको योगबाट मनस् र पाँच ज्ञानेन्द्रिय एवं कर्मेन्द्रियहरूको उत्पत्ति हुन्छ। अहङ्कार र रजको योगबाट पञ्चमहाभूत तत्त्व (पृथ्वी, जल, तेज, वायु र आकाश)को उत्पत्ति हुन्छ। र अहङ्कार र तमको योगबाट पञ्चतन्मात्र (रस, सुगन्ध, स्पर्श, ध्वनि र दृष्टि) उत्पन्न हुन्छ। भोग (आनन्द) र मुक्तिको विषयमा साङ्ख्य दर्शन अन्य वैदिक दर्शनभन्दा भिन्न छ। यस अनुसार पुरुष र प्रकृतिको मिलनबाट प्राणी (शरीर+आत्मा)को उत्पत्ति भोगको आरम्भ हो र प्रकृतिबाट पुरुषको वियोगको नाम मोक्ष हो। साङ्ख्यका अनुसार परमानन्द मोक्षको अवस्थामा प्राप्त हुन्छ। यसलाई स्पष्टरूपमा भन्दा न त प्रकृतिको अभावमा पुरुषले भोग गर्न सक्छ र न त पुरुषको अनुपस्थितिमा प्रकृतिले भोग गर्न सक्छ। त्यस कारण भोगबाट छुटकारा पाउनको लागि पुरुषलाई प्रकृतिबाट अलग गर्नु आवश्यक हुन्छ।

साङ्ख्य दर्शन पुनर्जन्मको विषयमा उपनिषद् दर्शनसँग सहमत छ। यस अनुसार हाम्रा सबै अनुभव सूक्ष्म शरीरमा केन्द्रित हुन्छन् र सूक्ष्म शरीर भनेको अन्त:करण (मन, बुद्धि र अहङ्कार) र पञ्च तन्मात्र (रस, गन्ध, स्पर्श, ध्वनि र दृष्टि)को योग हो। यसबाट नै सुख र दु:खको अनुभव हुन्छ र अनुभवहरू सञ्चित गर्छ। यो आगोले जल्दैन र पानीले पग्लिदैन र अनुभव शून्य (कर्मफल शून्य) नभएसम्म एक स्थूल शरीरबाट अर्को स्थूल शरीरमा प्रवेश गरिरहन्छ। यसलाई पुनर्जन्म भनिन्छ। त्यसैले पुनर्जन्म सूक्ष्म शरीरको हो, आत्माको होइन। आत्मा पुरुष हो र यो जन्म–मृत्युको बन्धनबाट मुक्त छ।

साङ्ख्य दर्शनले ज्ञानलाई दुई भागमा विभाजन गरेको छ– एउटा पदार्थको ज्ञान, जसलाई वास्तविक ज्ञान भनिन्छ र अर्को प्रकृति–पुरुषबीचको भिन्नताको ज्ञान हो, जसलाई विवेकको ज्ञान भनिन्छ। साङ्ख्यका अनुसार इन्द्रियद्वारा पदार्थको ज्ञान प्राप्त हुन्छ। यो ज्ञान इन्द्रियबाट मनमा, मनबाट अहङ्कारमा, अहङ्कारबाट बुद्धिमा र बुद्धिबाट मानिसमा आउँछ। अर्कोतर्फ साङ्ख्य दर्शन अनुसार पुरुषले बुद्धिलाई प्रकाशित गर्छ, बुद्धिले अहङ्कारलाई जगाउँछ, अहङ्कारले मनलाई सक्रिय बनाउँछ र मनले इन्द्रियहरूलाई सक्रिय बनाउँछ, त्यसपछि वस्तु–वस्तुबीच सम्पर्क स्थापित गर्छ। साङ्ख्य दर्शन अनुसार इन्द्रिय, मन, अहङ्कार र बुद्धि सबै प्रकृतिबाट सृष्टि भएकाले पदार्थ हुन् र पदार्थमा ज्ञान उत्पन्न हुन सक्दैन। अर्कोतर्फ पुरुष केवल चेतन तत्त्व हो, जड प्रकृतिको माध्यमविना त्यसले पनि ज्ञान प्राप्त गर्न सक्दैन। ज्ञानप्राप्तिको लागि प्रकृति (जड) र पुरुष (चेतन) दुवैको संयोजन आवश्यक हुन्छ। साङ्ख्य दर्शनको भौतिक ज्ञान प्राप्त गर्ने प्रक्रियालाई यसरी पनि प्रस्ट पार्न सकिन्छ– पदार्थ ⇌ इन्द्रिय ⇌ मन ⇌ अहङ्कार ⇌ बुद्धि ⇌ पुरुष। साङ्ख्य दर्शनले ज्ञानप्राप्तिको तीन प्रमाण (साधन) मात्र स्वीकार गर्छ– प्रत्यक्ष, अनुमान र शब्द। भौतिकजगत्को ज्ञानको लागि यी तीन प्रमाण आवश्यक छन्। तर पुरुष तत्त्वको ज्ञान पाउनको लागि शब्दमा मात्र निर्भर रहनुपर्छ। साङ्ख्य योगले शब्दद्वारा प्राप्त पुरुष तत्त्वको ज्ञानप्राप्तिको लागि साधना मार्गको वकालत गर्छ।

साङ्ख्य दर्शनका अनुसार मानव स्वयंलाई दु:खबाट टाढा रहन चाहन्छ तर यो नश्वर शरीर सदैव दु:खको जालले घेरिइरहेको हुन्छ। मानिसले दु:खबाट निवृत्त हुने कोशिश गर्नुपर्छ र यसैलाई मोक्ष भनिन्छ। मोक्ष सुखरूपी होइन, बरु दु:ख आत्यन्तिक हानि हो। धर्म, अर्थ, काम पुरुषार्थ हुन् किनकि यी नाशवान् छन्। मोक्ष परम पुरुषार्थ हो किनकि यो निध्य छ। जीवनमुक्ति र विदेहमुक्ति गरी मोक्ष दुई प्रकारका हुन्छन्। जीवनमुक्तिमा संस्कार शेष रहन्छ र त्यसको सम्बन्ध शरीरसँग हुन्छ। जबकि विदेहमुक्तिमा संस्कार पनि नष्ट हुन्छ र शरीर पनि।

साङ्ख्य दर्शनको मूल्य–मान्यता र नैतिकतालाई यसरी स्पष्ट पार्न सकिन्छ। साङ्ख्य दर्शनको सुरुआत दु:खत्रय– आध्यात्मिक (आत्मा, मन र शरीरसँग सम्बन्धित), अधिभौतिक (बाह्य संसारसँग सम्बन्धित) र अधिदैविक (ग्रह र दिव्य प्रकोपसँग सम्बन्धित)को सार्वभौमिकताको स्वीकृतिबाट हुन्छ। साङ्ख्य दर्शनका अनुसार दु:खबाट छुटकारा पाउने कुरा नै मुक्ति वा मोक्ष हो। यस सन्दर्भमा पहिलो प्रश्न के हो भने सुख–दु:खको भोग गर्ने को हो? साङ्ख्य दर्शनको उत्तर हो– पुरुष र प्रकृतिको मिलनबाट जन्मेको शरीर, मन र आत्मा। दोस्रो प्रश्न दु:खत्रयबाट कसरी छुटकारा पाउने? साङ्ख्य दर्शनका अनुसार दु:खको मुख्य कारण अज्ञानता हो। यो अज्ञानता के हो? जब पुरुषले बुद्धिको कामलाई आफ्नो कर्म बनाउँछ अर्थात् प्रकृतिका सत, रज, तम गुणको अनुभूति गर्न थाल्छ, तब त्यसलाई अज्ञानता भनिन्छ, यस कारणले नै ऊ सुख–दु:खको भोगी बन्छ, अन्यथा निर्गुण हुन्छ र उसलाई सुख–दु:खको अनुभूति हुँदैन। ज्ञान भनेको वस्तुको वास्तविक स्वरूप जान्नु तथा बुद्धि, अहङ्कार, मन र इन्द्रियको कर्मलाई आफ्नो काम नमान्नु हो। यो ज्ञानको अवस्थामा मात्र मानिस सुख–दु:खको अनुभवबाट अलग हुन सक्छ। यसको प्राप्तिको लागि साङ्ख्य योगले साधना मार्ग (यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि) आवश्यक ठान्छ। यम भनेको मन, वाणी र कर्मको संयम हो। यसका लागि सत्य, अहिंसा, अस्तेय, अपरिग्रह र ब्रह्मचर्य पालनलाई योगले आवश्यक मानेको छ। योगका अनुसार शौच, सन्तुष्टि, तपस्या, आत्म–अध्ययन र प्रणिधान गरी पाँच नियम छन्। साङ्ख्य दर्शनले मोक्ष चाहनेहरू यी सबैलाई व्यवहारमा उतार्ने उपदेश दिन्छ। यी नैतिक महाव्रत र नियमहरूको पालना गरेर मात्र मानिसले आफ्ना इन्द्रियलाई नियन्त्रण गर्न, आफ्नो मन शुद्ध गर्न र योगाभ्यासका अन्य छवटा चरण– आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिको पालना गर्न सक्छ।

साङ्ख्य दर्शनको तत्त्व मीमांसा, ज्ञान र तर्कमीमांसा तथा मूल्य–मान्यता र आचारमीमांसालाई सिद्धान्तको रूपमा यसरी क्रमबद्धरूपमा बुझ्न सकिन्छ। साङ्ख्य दर्शन प्रकृति र पुरुषको संयोजनबाट सृष्टि भएको हो। साङ्ख्य दर्शनको तर्क अनुसार प्रकृति केवल जड पदार्थ हो, यसमा चेतनाको संयोजनविना क्रिया हुन सक्दैन र क्रियाविना सृष्टि हुन सक्दैन। अर्कोतिर पुरुष चेतन तत्त्व मात्र हो, जड तत्त्वको सहयोगविना त्यसले कर्म गर्न सक्दैन र कर्मको अभावमा सृष्टि हुन सक्दैन। त्यसैले ब्रह्माण्डको सृष्टिको लागि प्रकृति–पुरुषको संयोजन आवश्यक हुन्छ। प्रकृति र पुरुष दुवै आधारभूत तत्त्व हुन्। साङ्ख्य दर्शनले प्रकृति र पुरुषलाई आधारभूत तत्त्व, शाश्वत र अनन्त मान्छ तथा यसलाई सत्य मान्छ तर यसले प्रकृतिलाई जड र पुरुषलाई चेतन, प्रकृतिलाई त्रिगुणात्मिका र पुरुषलाई निर्गुण मान्छ। साङ्ख्य दर्शनका अनुसार सृष्टिको दृष्टिकोणले प्रकृति र पुरुष दुवै एकअर्काका पूरक हुन्। पुरुषको स्वतन्त्र अस्तित्व छ र यो अनेकानेक छ। साङ्ख्य दर्शनले पुरुष अर्थात् आत्मालाई स्वतन्त्र अस्तित्व मान्छ, उसले यसलाई ब्रह्मको अंश मान्दैन, त्यसलाई आफैंमा आधारभूत तत्त्व मान्छ। साङ्ख्यले प्रत्येक जीवमा स्वतन्त्र आत्माको अस्तित्व स्वीकार गर्छ। यो अनेकात्मवादी दर्शन हो। मानिस प्रकृति र पुरुषको संयोजन हो। साङ्ख्य दर्शनका अनुसार मानिस आफैं सृष्टिको अंश हो। त्यसैले उसको सृष्टि पनि प्रकृति र पुरुषको संयोजनबाट भएको हो भन्ने निश्चित छ। कपिलमुनिका अनुसार पुरुषको स्थूल शरीर माता–पिताको रज–वीर्य र सूक्ष्म शरीर विवेक र पञ्च तन्मात्रको योगले बनेको हुन्छ। जन्म–जन्मको अनुभव उसको सूक्ष्म शरीरमा जम्मा हुन्छ र यो एक जन्मबाट अर्को जन्ममा प्रवेश गर्छ। साङ्ख्य दर्शनका अनुसार मानिसको स्थूल र सूक्ष्म शरीर जड पदार्थ हो र त्यसमा रहेको चेतन तत्त्व पुरुष हो। साङ्ख्य दर्शनले मानवजीवनलाई सप्रयोजन मान्छ। मानिसको विकास उसको जड र चेतन दुवै तत्त्वमा निर्भर गर्छ। साङ्ख्य दर्शन अनुसार मानिस प्रकृति र पुरुषको संयोजन हो र उसको विकास यिनै दुई तत्त्वमा निर्भर हुन्छ। साङ्ख्य दर्शनका अनुसार मानव विकासका तीन दिशा हुन्छन्– शारीरिक, मानसिक र आध्यात्मिक। मोक्ष मानवजीवनको अन्तिम लक्ष्य हो। साङ्ख्य दर्शनका अनुसार मानवजीवन उद्देश्यपूर्ण छ, यसको उद्देश्य दु:खबाट मुक्ति हो। यसैलाई मुक्ति भनिन्छ। किन दु:ख छ? जब मानिस आफ्नो वास्तविक स्वभावलाई बिर्सन्छ र आफूलाई बुद्धिजीवी ठान्छ, तब उसलाई दु:खको अनुभूति हुन्छ। अन्यथा ऊ यी सबैभन्दा भिन्न हुन्छ। जब मानिसले आफ्नो आत्माको वास्तविक स्वरूपलाई चिन्छ, तब उसले दु:खबाट मुक्ति पाउँछ। यही जीवनमा दु:खको अनुभवबाट मुक्त हुने व्यक्तिलाई साङ्ख्य दर्शनमा जीवनमुक्त भनिन्छ र देहको विनाशपछि दु:खको अनुभवबाट मुक्त हुनेलाई विदेहमुक्त भनिन्छ। मुक्तिको लागि विवेकी ज्ञान आवश्यक छ। साङ्ख्य दर्शनको दृष्टिकोणबाट मुक्तिको लागि प्रकृति–पुरुषबीचको भिन्नता जान्नु आवश्यक हुन्छ। त्यही अवस्थामा पुरुष सुख र दु:खबाट अलग भएर प्रकृतिबाट अलग रहन सक्छ र कर्मको फलबाट मुक्त हुन सक्छ। विवेक ज्ञानको लागि योग साधना मार्ग आवश्यक छ। साङ्ख्य दर्शनले विवेक ज्ञानको लागि योगद्वारा निर्दिष्ट साधन मार्ग (यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि)लाई आवश्यक ठान्छ।

# प्लास्टिक झोला प्रयोगमा रोक लगाउने सरकारको नीति

काठमाडौं, ५ जेठ/रासस

कार्बन उत्सर्जन कटौती र जलवायु परिवर्तनका मुद्दामा सरकारले केही महत्त्वपूर्ण नीति तय गरेको छ। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममार्फत सरकारले प्लास्टिक झोलाको प्रयोगमा रोक लगाउने जनाएको छ।

"जलवायु परिवर्तनका असर र प्रभावलाई सामना गर्न उत्थानशीलता वृद्धि गरिनेछ। जलवायु अनुकूलन तथा विपद् व्यवस्थापनका क्रियाकलापलाई एकीकृत गरी जोखिम न्यूनीकरण तथा रोकथाम गरिनेछ," वार्षिक नीति तथा कार्यक्रममा भनिएको छ, "कानून तर्जुमा गरी कार्बन व्यापारमा जोड दिइनेछ। प्लास्टिक झोला प्रतिस्थापन गरी स्वदेशी कागजका झोला उत्पादन तथा प्रयोगलाई अभियानको रूपमा सञ्चालन गरिनेछ।"

"अल्पविकसित तथा हिमाली देशमा जलवायु सङ्कटले उत्पन्न गरेको जोखिमबारे संवेदनशीलता जगाउन र क्षतिको पुनर्भरणका लागि अन्तर्राष्ट्रिय सहायता परिचालन गर्न सरोकारवाला मुलुकको सञ्जाल निर्माणको पहल गरिनेछ," नीति तथा कार्यक्रममा उल्लेख छ। 'हिमाल बचाऔं अभियान' शुरू गरिने पनि उल्लेख छ।

नेपालको हिमशृङ्खलादेखि पहाड तथा तराईसम्म जलवायु परिवर्तनबाट परेको प्रतिकूल असरलाई न्यूनीकरण तथा वातावरणीय संरक्षण संवर्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा कार्यक्रम सञ्चालन गरिने पनि नीति तथा कार्यक्रममा जनाइएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# जोगाऔं है उखान

उखानका अनेक बखान हुन्छन् अर्थात् एउटै उखानको समय र सन्दर्भ अनुसार अनेक अर्थ हुन्छ । उखानको उत्पत्ति र विकास कसरी भयो भन्ने कुरोको खोजी गरिनु आवश्यक छ । यद्यपि उखानले पाएको व्यापकताले नै उखानको उत्पत्तितर्फ सङ्केत गर्छ । उखान कुनै उद्योगमा निर्माण भएको होइन, न त कुनै पाठशालामा संरचना गरिएको हो । यो सामाजिक सम्पत्तिको रूपमा भाषासँगै विकास भएको हुनुपर्छ । भाषाको उत्पत्ति र विकाससँगै कथ्यलाई कलात्मक बनाउन यसको उत्पत्ति आफैं भएको हुनुपर्छ । यसमा कसैले बल गरेको वा योजना बनाएको होला भन्ने अनुमान पनि हुँदैन । विनाप्रयत्न आविष्कार भएको कलात्मक, वाक्यात्मक अलङ्कार उखान हो ।

कुनै एक उखानको उत्पत्ति भएर त्यसैको विकास मात्र भएको होइन । समाजमा अनेक उखानहरू प्रयोग र प्रचलनमा रहेका छन् । उखानको प्रकृति नै फरक छ । विषयवस्तु पनि अनेक छन् । कुन क्षेत्रको उखान नहोला ? उखानले कुन विषयवस्तुलाई आफूमा समाहित नगरेको होला ? उखानको क्षेत्र व्यापक भन्नुको तात्पर्य यसको व्यापकतासित पनि रहेको छ । जहाँ भाषा बोलिन्छ, त्यहाँ उखानको प्रयोग हुन्छ । यो सामान्य सत्य हो कि कथ्यमा उखानको उपयोग पर्याप्त छ । अझ बोलीको स्वाभाविक लयमा उखान उन्मुक्त किसिमले बग्छ । जसरी हावामा अनेक गन्ध व्याप्त हुन्छ, भाषामा पनि अनेक उखानको अस्तित्व रहेको हुन्छ ।

हरेक व्यक्तिले उखानको प्रयोग सदैव गर्छ भन्ने होइन तर उखानको प्रयोग गर्दै नगर्ने मानिस हो भन्न पनि सकिन्न । हो, कम वा बढी उखानको उपयोग समय र सन्दर्भ अनुकूल हरेक व्यक्तिले गरेको हुन्छ, आफ्नै शैलीमा । सबैको बोलीको शैली फरक हुन्छ । हरेक मानिसको आवाज पनि फरक हुन्छ । एउटै कुरालाई धेरैजनाले व्यक्त गर्दा हरेकले केही न केही फरक गरेकै हुनुपर्छ । यही पृथकताबीच कुनै एक निष्कर्ष निकाल्नुपर्दा निचोड वाक्यको रूपमा कतैकतै उखानको प्रयोग गरिन्छ । हो, उखानको प्रयोग स्वाभाविक बोलीमा बढी हुन्छ । यसले बोलीमा मिठास ल्याउने काम मात्र गर्दैन, कतिपय अवस्थामा सोझो अभिव्यक्तिमा स्पष्ट पार्न नमिल्ने भनाइलाई सङ्केतात्मकरूपमा उखानले मनको बह कहने काम हुन्छ ।

स्वान्त सुखाय:

सञ्जय मित्र
mitrasanjay41@gmail.com

उसो त उखानलाई संस्कृत भाषाको 'उपाख्यान' शब्दबाट निर्मित वा विकसित शब्द मानिन्छ । संस्कृत भाषामा उखान भएको वा नभएको विषयमा यहाँ चर्चा गरिनु आवश्यक छैन तर उखान त लोकोक्ति हो । लोकोक्तिले यो पनि सङ्केत गर्छ कि जतिखेर लिखित साहित्यको जन्म भएको थिएन वा मानिसले लेखपढ गर्न जानेको थिएन, त्यतिखेर पनि मानिसले यसको प्रयोग गर्थे किनभने लोकोक्तिमा गाउँखाने कथा, सूक्ति, टुक्कासहित अनेक यस्ता स्वाभाविक उद्गारजन्य भेदहरू रहेका छन् । उपाख्यानको सन्दर्भ आख्यानसित रहेको बुझिन्छ । उखानलाई आख्यान नै भन्न त सकिन्न तर कतिपय अवस्थामा माथि छलफल गरिएजस्तै कतिपय कथाको निष्कर्षमा एक वाक्य भन्नुपर्दा यही उखानको उपयोग गरिएको हुन सक्ने अनुमानलाई गैरधरातलीय भन्न मिल्दैन । यसैले पनि कहींकहीं उखानलाई लोकवाणीको रूपमा स्वीकार गरिएको पाइन्छ र कतैकतै यसलाई 'सरदारको कहनाम' भनिएको पाइन्छ । सरदारको कथनको अर्थ कुनै कुराको निचोड वा भनाइको निष्कर्ष पनि हुन आउँछ । यसले परम्परादेखि वा पितापुर्खादेखि चल्दै आएको भनाइको हो भन्ने अर्थतिर पनि सङ्केत गर्छ ।

उखानलाई भाषाको एउटा अङ्ग वा भाषाभित्रको एउटा तत्त्वको रूपमा स्वीकार गरिएकोले भाषाको महत्त्व उखानले बढाएको र उखानले भाषाको महत्त्व बढाएको पनि मान्न सकिन्छ । यहाँनेर यो पनि स्मरणीय छ कि भाषाको अस्तित्वविना उखानको अस्तित्व रहँदैन तर कुन भाषा वा भाषिकाको लोकसाहित्य कति समृद्ध छ भन्ने कुरालाई दर्शाउनको लागि उखानले पनि ठूलो सहयोग गरेको छ । यसरी उखानलाई भाषाको अध्ययनको क्षेत्रमा पनि राखिन्छ र लोकसाहित्यको एउटा विशिष्ट अङ्गको रूपमा पनि अध्ययन गरिन्छ । उखानरूपी लोककथन निकै प्रभावकारी मानिएको छ । अझ औपचारिक कथनभन्दा अनौपचारिक कथनमा उखानको उपयोग बढी गरिन्छ ।

पहिलेको तुलनामा उखानको उपयोगिता कम भएको होइन, उपयोग चाहिं कम हुँदै गएको अवश्य हो । उखानको उपयोग कम हुँदै जाँदासम्म ठीकै हो भन्न सकिन्छ तर समाजमा प्रयोग र प्रचलनमा रहेका उखानहरू बिस्तारै पातलिँदै गइरहेका छन् । कतिपय उखानहरू त पूर्णरूपमा हराइसके, बिलाइसके । अब खोजेर पनि पाइँदैन । यद्यपि समाजमा उखानको सङ्ग्रह छ, भण्डार छ र अक्षय भण्डारमा पनि प्वाल परिसकेको छ । अब पहिलेकोभन्दा निकै तीव्र गतिमा उखानहरू हराउने क्रम बढेको छ । यसैले अब उखानको उपयोगिताको महत्त्वलाई एकातिर राखेर सबैभन्दा जरुरी भइसकेको छ, संरक्षणको । यसको संरक्षणमा कोही बुद्धिजीवी लाग्ला भन्ने होइन । यसलाई संरक्षण गर्नमा भाषा तथा साहित्यको क्षेत्रमा काम गरिरहेका व्यक्ति तथा संस्थाले मात्र हो । यस्ता व्यक्ति तथा संस्था जो सक्षम छन्, तत्काल उखानको सङ्कलन गर्नु आवश्यक छ । यदि अहिले उखानको सङ्कलन र संरक्षण हुन सकेन भने उखान पूरै हराएर जाने र लोकोक्तिको वा लोकसाहित्यको एउटा अङ्ग नै हराउने कुरामा दुई मत छैन ।

हुनत उखानमा कतिपय यस्ता छन्, जो जातजाति, लिङ्ग तथा समुदाय र सम्प्रदायलाई नकारात्मकरूपमा प्रहार गरेका छन् । कतिपय उखानमा विभेदलाई बढावा दिने, वितृष्णा फैलाउने तथा कतिपय उखान यस्तो लाग्छ कि सामन्ती प्रवृत्तिका छन् । हो, समाजमा नकारात्मक प्रभाव उत्पन्न गर्ने तथा सामन्ती संस्कृतिलाई बढावा दिने उखानहरूलाई छाडेर वर्तमान समाज, संविधान तथा

(बाँकी पाँचौं पातामा)

# विवाह, नाच, समियाना र चोप (१)

“मैं तेरी दुश्मन, दुश्मन तु मेरा, मैं नागिन तु सपेरा ...” गीतको धुन वादकले हारमुनियममा बजाउन थाले । ढोल, नगाडा र झालको तालमा गीतको धुन अति कर्णप्रिय थियो । नाचको प्रारम्भिक चरणमा केहीबेर विभिन्न गीतका धुनहरू बजाइन्छन् । यसले दुई प्रकारका फाइदा हुन्छ । पहिलो, नाचका पात्रहरूलाई तयार हुन समय मिल्छ । दोस्रो, नाच शुरू हुन लागेको सूचना चारैतिर प्रवाहित हुन्छ ।

**समियाना र चोप**

उहिले टेन्टको हकमा समियानाको विकल्प थिएन । बाक्लो कपडाको वजनदार समियानालाई बाँसको चोपले ठड्याइन्छ । समियाना ठड्याउने बाँसलाई चोप भनिन्छ । समियाना १५ देखि २४ वा सोभन्दा बढी चोपको पाइन्थ्यो । आकारमा जति ठूलो समियाना हुन्छ, त्यति बढी बाँसको चोप प्रयोग गर्नुपर्छ । चोपको सहाराले समियाना ठड्याइसकेपछि प्रत्येक चोपलाई डोरीको सहायताले तानेर भुइँमा गाडेको बाँसको खुट्टामा बाँध्नुपर्छ । यसरी सामान्य हावाहुरीमा चोप लड्दैन र समियाना खस्दैन । सीप र ज्ञानविना समियाना ठड्याउनु असम्भव छ ।

समियानामा पराल र सोमाथि दरी ओछ्याइएको थियो । समियानाभन्दा केही पर जेनेरेटर चलिरहेको थियो । समियानाका चोपहरूमा झुन्ड्याइएका ट्युबलाइटहरूको कृत्रिम प्रकाश सकेसम्म अँध्यारोमाथि हावी हुने प्रयत्न गरिरहेको थियो । केही ट्युबलाइटहरू मानिसले आँखा झिम्काएझैं झ्याप–झ्याप गरिरहेको थियो । शायद विद्युत् भोल्टेजको कमी वा ट्युबलाइटको खराबीले यस्तो भइरहेको थियो ।

बारात ढिलो आएका थियो । त्यस कारण नाच शुरू हुन ढिला भयो । रातिको सवा बाह्र बज्न लागेको थियो । सङ्गीतमय धुन चारैतिर पुग्न थालेपछि गँवधुवा (बेहुली पक्षका गाउँवासी)हरूको ओइरो लाग्न थाल्यो । बिस्तारै भीड बढ्न थाल्यो । समियानाको ओतमा बस्नको लागि गँवधुवा र बरातीबीच होहल्ला र बहस शुरू भयो । सामान्य विवादले उग्ररूप लिन थाल्यो ।

**माइकबाट गर्जनाद**

“ऐ हल्ला ? शान्त रह लोगन ना त नाच बन्द होजाई ।” हातमा लठी लिएका जुङ्गाधारी ती व्यक्तिले लाउडस्पीकरमार्फत ऐलान गर्न थालेछन् । सोसँगै गाउँवासीलाई पछि हट्न र बरातीहरूलाई ठाउँ दिन सूचना प्रवाह गर्न थाले । यसले माहोल झन् उग्र बन्यो । गँवधुवाहरूको तर्फबाट मिश्रित स्वरमा प्रश्न गुञ्जायमान भयो, “हो, रात के महफिल गँवधुवा के आ दिन के बराती के ह, तोहरा थाह नइखे का हो ?” रातको महफिलमा गाउँले र भोलिपल्ट बरियतियाहरूले महफिलको अग्रपङ्क्तिमा बस्ने सदियौंदेखि स्थापित लोकमान्यता हो ।

यसको अर्थ बरियतियाहरूले रातमा नाच हेर्न पाउँदैनन् भन्ने होइन । हिन्दू मान्यता अनुसार जनमानसमा बेहुला पक्ष पश्चिमतर्फ पूर्वाभिमुख बस्ने नियम छ । सोबाहेक उत्तर, दक्षिण र पूर्वतर्फ सहमति वा अपवादबाहेक रातिको महफिलमा गँवधुवाहरूलाई हटाएर बरियतियाहरूले बस्न मिल्दैन । त्यसैगरी, दिनको महफिलमा पूर्व, पश्चिम, उत्तर र दक्षिण गरी समियानाले ओगटेको क्षेत्रफलमा गँवधुवाहरूले बरियतियाहरूको सहमतिबेगर बस्न मिल्दैन । यद्यपि नियमभन्दा माथि आपसी सहमति हो ।

गँवधुवा र बरियतियाहरूबीच वादविवाद धेरैबेर टिक्न सकेन । आपसी सहमति हुन बेर लागेन । किनभने

सरोकार

राजेश मिश्र
rajesh560107@gmail.com

वादविवाद गरेर चर्चित र महँगो नाचको आनन्द खेर फाल्ने मनसायमा दुवै पक्ष थिएनन् । उनीहरू महफिलमा मिलिजुली बसे ।

उहिले विवाहमा नाच मनोरञ्जनको एकमात्र तथा अनिवार्य संसाधन थियो । गच्छे अनुसार नाचको साटा बाँधिन्थ्यो । सस्तो र महँगो सबै प्रकारका नाच पाइन्थ्यो । नाच हेर्नकै निम्ति मानिसहरू दूरदराजबाट नाचस्थलसम्म आइपुग्थे । कुन गाउँमा, कसको घरमा, कहाँबाट र कुन नाच आउँदैछ भन्ने कुरा एक कान दुई कान हुँदै इलाकाभरि फैलिन्थ्यो । यदि चर्चित नाच आउँदैछ भने भीड थामिनसक्नु हुन्थ्यो ।

**नाचको जोकर**

विभिन्न प्रकारका नृत्य र सङ्गीतसँगै बीचबीचमा हास्यरस शुरू हुन्थ्यो । हास्य कलाकारलाई मधेसमा 'जोकर' भनेर सम्बोधन गरिन्छ । यसै क्रममा “सुनी सुनी ए पञ्चे कवन महीना में कवन–कवन फल ना खाएके ?” कुन महीनामा कुन फल खानुहुँदैन, दाइजो, छुवाछूतलगायत विभिन्न सामाजिक विकृति उपर जनचेतनामूलक सन्देश हास्यशैलीमा प्रवाहित गरिन्छ । नाचको विशेषताहरूमध्ये यो पनि एक हो । गीत, नृत्य, सङ्गीत, हास्यव्यङ्ग्य र नाटकले भरिपूर्ण नाच मनोरञ्जनको एकमात्र संसाधन थियो ।

**नृत्याङ्गना**

प्रस्तोताले, “तो भाइयों और बहनों, आप सभी के सामने सुमधुर गीतके साथ आ रहीं है हमारे कम्पनी के सुपरडुपर अदाकारा, राधा रानी ...।” यसपछि माहोल एकाएक शान्त भयो । माइकमा नाम उच्चारण भएसँगै नृत्याङ्गनाको उपस्थिति हुनुपर्ने हो । तर नृत्याङ्गनाप्रति दर्शकहरूको मनोभाव जान्नका लागि जानीजानी केहीबेर ढिलो गरिन्छ ।

प्रस्तोताले पछाडि फर्केर हेरे । राधारानी देखिइनन् । उनी दर्शकतर्फ फर्केर पुनः ठूलो स्वरमा राधारानीको नाम शायराना अन्दाजमा उच्चारण गर्न थाले । प्रस्तोताको ध्यान दर्शकहरूमाथि केन्द्रित थियो । लगत्तै दर्शकहरूको तर्फबाट तालीको गड्गडाहट गुञ्जियो । हारमुनियम वादकको पछाडि घुङ्घटले अनुहार छोपेकी राधारानीको उपस्थिति भयो । दर्शकहरू झन्दै ताली बजाउन थाले । प्रस्तोताले झन् उत्तेजित स्वरमा राधारानीको नाम उच्चारण गर्न थाले । माहोल उत्साहप्रद थियो । राधारानीको गीत र नृत्य सुन्न र हेर्नका लागि दर्शकहरू आतुर थिए । दर्शकहरूमा चरमोत्कर्ष व्याप्त थियो ।

प्रस्तोतालाई इङ्गित गर्दै भीडबाट आवाज गुञ्जायमान भयो, “कथी चिलाइल बाड हो मरदे, तु जा ना जल्दी आ राधारानी के आवे द, नाचे द, गावे द ।” मधुर मुस्कान र मयूरको चालझैं बिस्तारै राधारानीको कदम माइकतर्फ अग्रसर भयो । प्रस्तोताले घरी राधारानी र घरी दर्शकतर्फ हेर्दै ठूलो स्वरमा राधारानीको नाम उच्चारण गरिरहेका थिए । अन्ततः राधारानीको आगमनपछि प्रस्तोता प्रस्थान गरे । दर्शकहरू राधारानीको आवाज सुन्न आतुर थिए । यसले दर्शकहरू माझ राधारानी कति लोकप्रिय थिइन् भन्ने कुरा महसुस गर्नु कठिन थिएन । यसैबीच राधारानीले घुङ्घट थोरै माथि उचाल्दै–

“घुङ्घट की आड से दिलबर का
दिदार अधूरा रहता है
जब तक ना पडे आशिक की नजर
सिङ्गार अधूरा रहता है ...।”

राधारानीको मुखारबाट गीत प्रस्फुटित भएसँगै हारमुनियम, ढोल र नगाडाको ताल शुरू भयो । यससँगै दर्शकहरूको माझबाट तालीको ठूलो गड्गडाहटले माहोल हेर्न लायक थियो । गीत सकिएसँगै भीडतर्फ औंलाले इशारा गर्दै राधारानीको मुखारबाट एक हिन्दी शायरी गुञ्जित भयो–

हम आपकी हर चीज से प्यार कर लेंगें,
आपकी हर बात पर ऐतबार कर लेंगें,
बस एक बार कह दो कि तुम सिर्फ मेरे हो,
हम जिन्दगीभर आपका इन्तजार कर लेंगें ।

यस शायरीले प्रत्येक दर्शकलाई आफूलाई नै इङ्गित गरिरहेको भन्ने लागिरहेको थियो । यो हर्कतले दर्शकहरूले मनलड्डु खाइरहेको जस्तो आभास भइरहेको थियो । गीत र शायरीले माहोल गरम र उत्तेजित थियो । राधारानीले आफ्नो प्रस्तुतिमार्फत दर्शकहरूको ध्यान एकबद्ध गरिसकेकी थिइन् । बरियतिया र गँवधुवाहरू मनोरञ्जनको सागरमा चरम गोता लगाइरहेका थिए ।

नर्तकीको मधुर मुस्कान र दर्शकहरूको आनन्दमयी उत्तेजनाबीच प्रस्तोताको आगमन भयो । माइक प्रस्तोताको हातमा थियो । नर्तकी केही पर सरिन् । प्रस्तोताले भने, “दुलहा के पिताजी श्री विकाश शर्माजी (काल्पनिक नाम) ने राधारानीको दश रुपयेंका इनाम देते हुए कहते हैं–

हम आपकी हर चीज से प्यार कर लेंगें,
आपकी हर बात पर ऐतबार कर लेंगें,
राधारानी कह दो कि तुम सिर्फ मेरी हो,
हम जिन्दगीभर आपका इन्तजार कर लेंगें ।”

प्रस्तोताको मुखारबाट आफ्नो नाम उच्चारण भएको सुनेदेखि चिहाएका दुलहाका पिताजी शायरी सुनेर झसङ्ग भए । उनकैनजीक बसेका अनन्य मित्र दीपक जैसवालले उनको कानमा खुसखुस गर्दै भने, “का हो पाटनर, जेतने बुढातार ओतने जवानी चढता का ? गिन के देख त, मुह में कय गो दाँत बा ?” दुलहाका पिताजी अनुहारमा कृत्रिम मुस्कान प्रकट गर्दै भने, “हम सब बुझतानी इ केकर बादमाशी ह । तु पेशाब करे के बहाना से इहे करे गइल रल ह ना ?”

सोको केहीबेरको अन्तरालमा दीपकको नाम चार⁄पाँच पटक माइकबाट गुञ्जित भयो । अहिले दीपकको अनुहार कालो अनुहार हेर्नलायक थियो । यस्तो भयो कि एकले अर्काको नाममा पैसा दिन थाले । यो माहोल नाच पार्टीको लागि अतिरिक्त आम्दनीको स्रोत बन्यो । रमाइलोपन र हाँसोठट्टामाझ शराबी फिल्मको गीत 'मुझे नौ लखा मंगा दे रे ओ सैंया दिवाने'को ट्रेकमा राधारानीको मनमोहक नृत्य शुरू भयो ।

# दी अमेरिकन लाइफ–३३

**आविष्कारको देश**

अन्य राष्ट्रहरू राजनीतिक सङ्घर्ष, द्वन्द, गृहयुद्ध आदिमा अल्झेका बेला अमेरिका भने अध्ययन, अनुसन्धान, खोज, आविष्कार जस्ता कार्यमा लागेको हुन्छ । अमेरिकाले नयाँ नयाँ कुराहरूको अनुसन्धान, आविष्कार गर्छ र ती अनुसन्धान, आविष्कारहरूको प्रतिफल (मुनाफ) वर्षौंसम्म प्राप्त गर्छ । विश्वमा नै नयाँ नयाँ सेवा, वस्तु, प्रविधि, ज्ञान आदि अविष्कार गर्ने प्रतिस्पर्धामा अमेरिका अग्रस्थानमा रहने कार्यले पनि यो मुलुकलाई विश्वको सर्वाधिक धनी राष्ट्र तुल्याएको हो ।

अमेरिकाले वस्तु वा सेवा बिक्री गरेर मात्र मुनाफा गर्दैन, साथै नयाँ नयाँ विचार (अनुसन्धान एवं आविष्कार आदि) बिक्री गरेर पनि मुनाफा हात पार्छ । ज्ञान बिक्री गरेर मुनाफा हात पार्छ । अमेरिकाको आम्दानीका स्रोतहरू अनेक छन् । संसारभरिमा हुने अनेक खोज, अनुसन्धान एवं आविष्कारहरूमध्ये धेरै केवल एक्लो अमेरिकामा मात्र हुन्छ । यस्तो हुनमा अमेरिकाको सामाजिक मनोविज्ञानको ठूलो भूमिका छ । अमेरिकी समाजले नै पनि अमेरिकीहरूलाई नयाँ नयाँ विचार ल्याउन प्रोत्साहित गर्छ । परम्परागत चिन्तनभन्दा नवीनतम

धारावाहिक

विश्वराज अधिकारी
akoutilya@gmail.com

चिन्तनले समाजमा प्रोत्साहन प्राप्त गर्छ । अमेरिकी समाज परम्परागततरूपमा चिन्तन गर्ने समाज भएको भए चराले आकाशमा उड्न सकेझैं कुनै वस्तुले पनि आकाशमा उड्न सक्ने क्षमता राख्छ भन्ने 'राइट ब्रदर्स'को कल्पनाले महत्त्व पाउने थिएन । तर अमेरिकी समाजले राइट ब्रदर्सको कल्पनालाई महत्त्व दियो । त्यसमाथि विश्वास गऱ्यो । परिणामस्वरूप दुई दाजुभाइ विल्बर राइट र ओरभिल राइट हवाईजहाज अविष्कार गर्न सफल भए । राइट दाजुभाइले सन् १९०३ डिसेम्बर १७ मा ५९ सेकेन्डसम्म हवाईजहाज (नमूना) उडाउन सफल भएका थिए । ओहायो राज्यको डेटोन भन्ने शहरमा बस्ने यी दुई अमेरिकी दाजुभाइ विल्बर राइट र ओरभिल राइटले हवाईजहाजको आविष्कार गरेर मान्छेलाई पनि चराझैं आकाशमा उड्न सक्ने तुल्याए ।

संसारभरिमा नै अनुसन्धान एवं विकासमा सर्वाधिक बढी अमरिकाले खर्च गर्छ । अनुसन्धान एवं विकास गर्ने दोस्रो, तेस्रो, चौथो र पाँचौं राष्ट्रहरूमा चीन, जापान, जर्मनी र दक्षिण कोरिया पर्छन् । उपरोक्त तथ्याङ्क सन् २०२२ को हो । यसैगरी, संसारमा सर्वाधिक वस्तु, सेवा एवं प्रविधि विकास एवं अविष्कार गर्नेमा अमेरिका दुई नम्बरमा (सन् २०२२ को तथ्याङ्क अनुसार) पर्छ । एक नम्बरमा भने स्वीट्जरल्यान्ड पर्छ । स्वीडेन, संयुक्त अधिराज्य र नेदरल्यान्ड्स भने क्रमशः तेस्रो, चौथो र पाँचौंमा पर्छन् ।

अमेरिकामा सरकार मात्र होइन निजी क्षेत्रले पनि अनुसन्धान एवं विकासमा ठूलो धनराशि खर्च गर्छ ।

(बाँकी चौथो पातामा)

लघुकथा

## विचित्र प्राणी

- बैधनाथ श्रमजीवी

महात्माले आफ्नो चेलाहरूलाई सोधे– "संसारमा सबैभन्दा विचित्र प्राणी को हो ?"

एउटाले भन्यो– महीनौं पानी नखाएʻनि बाँच्ने ऊँट,

अर्कोले भन्यो– रूख जस्तो अग्लो जिराफ,

तेस्रोले भन्यो– जति खाएʻनि नअघाउने हात्ती,

चौथोले भन्यो– भैंसी जस्तो ठूलो जीवलाई पनि सिङ्गै निल्ने अजिङ्गर सर्प,

पाँचौंले भन्यो– सयौं माइल माथिबाट सिनो थाहा पाउने गिद्ध,

छैटौंले भन्यो– चरा भएर पनि फूलबाट होइन सीधा बच्चा जन्माउने चमेरो,

सातौंले भन्यो– माछा भएर पनि पानीभित्र सीधा बच्चा जन्माउने ह्वेल ।

सबैको कुरा सुनेपछि महात्माले भने– तिमीहरूले दिएको उत्तर आंशिकरूपमा मात्रै सही छ । पूर्णरूपमा यसको सही उत्तर म भन्दै छु–

"यो संसारमा कुनै पनि जीवलाई मटीतेल पिएको देखेका छौ ? पिउँदैन, किनकि उनीहरूलाई थाहा छ, मटीतेल पिउने चीज होइन । तर मान्छे नै एउटा यस्तो जीव हो, जसलाई थाहा छ झूठो बोल्नुहुँदैन तर प्रत्येक दिन झूठकै खेती गर्छ । चोरी गर्नुहुन्न तर पनि अनेक जुक्ति निकालेर चोरी गर्छ । मान्छेलाई थाहा छ– सुर्ती, चुरोट, बिंडी, खैनी, गुटखा, रक्सी जस्ता मद्यपान र धुम्रपान गर्नुहुँदैन तर पनि ऊ मजाले खान्छ पिउँछ, लाग्छ यिनीहरू जहर नभएर अमृत हो । अरू त अरू प्रायः चिकित्सक, शिक्षक, वकील, न्यायाधीश, प्रोफेसर, पत्रकार, इन्जिनीयर जस्ता बुद्धिजीवीहरू नै अमली भेटिन्छन् । सबैलाई थाहा छ, भ्रष्टाचार गर्नु गराउनु अपराध हो । वास्तवमा भ्रष्टाचार धार्मिक हिसाबले पनि पाप हो तर भ्रष्टाचारी को होइन भनी वर्षौं खोजेर हिंडे एकजना पनि नैतिकवान् र इमानदार भेट्न मुश्किल छ । अरूको हक मार्नु तथा आफ्नो कर्तव्य पूरा नगर्नु वा गरेबापत अतिरिक्त आम्दानी खोज्नु महापाप हो तर पनि यसैमा दुनियाँ लिप्त छ ।

एउटा राम्रो कथावाचक जो भगवान्को बारेमा कथा भन्छ, त्यसले पनि मनलाग्दी पैसा नपाएसम्म टसमस हुँदैन । कथावाचन गर्दागर्दै योग छोडेर भोगमा लस्किने जोगीको कुनै कमी छैन ।

बलात्कार गर्ने, घूस खाने, अरूलाई अनेक बहानामा दुःख दिनेहरू नित्य आआफ्नो आस्था अनुसारका मन्दिर जान्छन् । मन्दिर, मस्जिद, चर्चभित्र भगवान्को ठेकेदारी जोत्ने पण्डित, पुरोहित, मौलवी र पादरीहरू पनि पूरै व्यापार चलाएर बसेका छन् । व्यापारीमा बदलिएका मठाधीशहरू, योगीहरू र गुरुहरूको चरित्र अपवादबाहेक सबै लम्पट र भ्रष्ट नै देखिएका छन् । तस्करी, भ्रष्टाचार, कमिशन तथा अपराध कार्यमा संलग्न भएकाहरू ठूलो लगानीमा धार्मिकस्थल निर्माण, पूजापाठ, यज्ञ आदि लगाउँछन्, जसले गर्दा समाजमा झन् तिनीहरूकै मानमर्यादा ठूलो छ । समाजले जसको बहिष्कार गर्नुपर्ने हो, तिनीहरू नै सर्वस्वीकार्य भएका छन् । कुपात्रहरू मुक्तिदाता र मसिहा भएर प्रस्तुत हुँदै आइरहेका छन् ।

यति भनिसकेपछि अब त कुरो बुझेको होला नि ।

ल अब भन सृष्टिमा सबैभन्दा विचित्र प्राणी को हो ?

चेलाहरूले एकै स्वरमा जवाफ फर्काए–

"स्वार्थैस्वार्थले भरिएका हामी अवसरवादी पाखण्डी मानिसहरू ।"

## प्रसन्नता

हिमालयको तराईमा दुईजना संन्यासी बस्थे । त्यसमध्ये एकजना वृद्ध र अर्को जवान थिए ।

एकपटक दुवैजना कैयौं दिनको तीर्थयात्रापश्चात् जब आफ्नो ठेगानामा पुगे, तब उनीहरूले देखे– हावाआँधीले उनीहरूको कुटिया नष्ट गरिदिएको थियो । यो देखेर युवा संन्यासी भुतभुताउन थाले– "जसले छल–फरेब गर्छन्, उनीहरूको घर सुरक्षित छ र हामी जो दिनरात प्रभुस्मरण गर्छौं, हाम्रो कुटिया तहसनहस भयो ।"

वृद्ध संन्यासीले भने– "दुःखी नहोऊ । यसमा पनि केही राम्रो नै हुनेछ ।"

तर युवा संन्यासी वृद्धको कुरादेखि सहमत भएनन् । उनी दुःखी भएर रातभरि जाग्राम रहे, जबकि वृद्ध बिहान सुतेर उठेपछि भने– "धन्यवाद ईश्वर ! आज खुला आकाशमुनि राम्रो निद्रा लाग्यो, काश यो छाना पहिले नै उडेको भए हुन्थ्यो ।"

यो सुनेपछि युवा संन्यासीले भने– "एक त कुटिया रहेन, त्यसमाथि तपाईंले ईश्वरलाई धन्यवाद दिनुभइरहेको छ ।"

वृद्धले भने– "तिमी हताश भयौ, यसै कारण रातभरि जाग्राम बस्यौ र दुःखी छौ । म प्रसन्न थिएँ, यसैले चैनको निद्रा सुतें । मान्छे जस्तोसुकै परिस्थितिमा प्रसन्न हुनुपर्छ ।"

### दी अमेरिकन ...

व्यक्तिविशेषहरूले पनि उत्तिकै खर्च गर्छन् । म नयाँ कुरा (विचार, सेवा, वस्तु)को विकास गर्नेछु भन्ने चाहना अमेरिकीहरूमा सानै उमेरदेखि हुन्छ । यसैगरी, अमेरिकी विश्वविद्यालयहरूले पनि अनुसन्धान एवं विकासमा ठूलो धनराशि खर्च गर्छन् । अमेरिकाको म्यासाचुसेट्स राज्यस्थित हार्वर्ड विश्वविद्यालयले संसारभरिमा नै अनुसन्धान एवं विकासमा ठूलो धनराशि खर्च गर्छ । यो विश्वविद्यालले बर्सेनि एक बिलियन डलरभन्दा बढी रकम अनुसन्धान एवं विकासमा खर्च गर्छ । प्रिन्सट्न युनिभर्सिटी, हार्वर्ड युनिभर्सिटी, म्यासाचुसेट्स इन्स्टिचयुट अफ टेक्नोलोजी, क्यालिफोर्निया इन्स्टिच्युट अफ टेक्नोलोजी, युनिभर्सिटी अफ शिकागो जस्ता शैक्षिक संस्थाहरू विश्वमा नै अनुसन्धान एवं विकासका लागि सर्वाधिक बढी रकम खर्च गर्नेमा पर्छन् ।

दोस्रो विश्वयुद्धको समाप्तिपछि अमेरिका अनुसन्धान एवं विकासको कार्यमा सक्रियरूपमा लागेको पाइन्छ । अनुसन्धान एवं विकासमा यसले ठूलो रकम खर्च गरेको पाइन्छ । विशेषगरी, अन्तरिक्ष विज्ञान अध्ययनमा अमेरिकाले ज्यादै जोड दिएको पाइन्छ ।

संसारभरिमा प्रयोग हुने 'माइक्रोसफ्ट'को आविष्कार अमेरिकामा नै भयो । भीमकाय अनलाइन खरीद संस्था– अमेजनको जन्म पनि अमेरिकामा नै भयो । यसैगरी, संसारभरिमा नै रुचाइएको एप्पल कम्पनीको स्थापना अमेरिकामा नै भयो । यसका लोकप्रिय उत्पादनहरू एप्पल सेलफोन, एप्पल पिसी, एप्पल नाडीघडी (स्मार्ट वाच) आदिलाई मन पराउने क्रेताहरूको सङ्ख्या अहिले करोडौंमा छन् ।

यु ट्युब, फेसबूक, गूगल, ह्वाट्स एप आदिको आविष्कार अमेरिकामा नै भयो । संसारको नै सर्वाधिक ठूलो (आकार र शाखा दुवैको हिसाबले) खुद्रा भण्डार 'वाल मार्ट'को आविष्कार पनि अमेरिकामा नै भयो । यसैगरी, संसारभरिमा नै ठूलो सङ्ख्यामा शाखाहरू भएका 'फास्टफूड रेस्टुरेन्ट' म्याकडोनाल्ड्सको जन्म पनि अमेरिकामा नै भएको हो ।

सबवे, स्टारबक्स, पिजा हट, केएफसी आदि जस्ता लोकप्रिय फास्टफूड रेस्टुरेन्टहरूको जन्म पनि अमेरिकामा नै भएको हो । म्याकडोनाल्ड्स, सबवे र स्टारबक्सका शाखाहरू क्रमशः ४० हजार ३१, ३७ हजार र ३६ हजार १७० रहेका छन् । समग्रमा भन्नुपर्दा अमेरिका आविष्कारको देश हो ।

# हायर इन्टेलेक्चुअल फंक्सन वा उच्चतर बौद्धिक कार्य

वाटिका




डा शिवशङ्कर यादव

shivshankaryadav3398@gmail.com

**अन्य प्राणीभन्दा भिन्न मानिस यस मानेमा छ कि मानिसले बोल्न सक्ने र वाक्यको निर्माण गर्न सक्छ, त्यसलाई लेख्न सक्छ र लेखेकोलाई अन्य मानिसले पनि जस्ताको त्यस्तै बोल्न, बुझ्न र फेरि लेख्न सक्छ अथवा त्यसलाई आफूअनुरूप व्याख्या गर्न सक्छ । यतिमात्र होइन, उसले लेखेको कुरालाई अन्य दुरस्त स्थानमा पठाएर सम्प्रेषण पनि गर्न सक्छ ।**

अहिलेसम्म हामीले ब्रेनलाई प्राणीको हरेक गतिविधि कमान्ड गर्ने केन्द्रको रूपमा बुझ्यौं । र यो पनि हेर्‍यौं कि यी केन्द्रहरू ब्रेनका विभिन्न भागमा छरिएका हुन्छन् । यही केन्द्रहरू आपसमा एकअर्काको सहयोग र साथले विभिन्न कार्यको सम्पादन गर्छन् । यसमा सबैभन्दा सुपर क्लिस्ट र सहयोगात्मक कार्य हो, बुद्धिमत्ताको सम्पादन । प्रायः सबै केन्द्रको सहयोगले मात्र बुद्धि, विवेक र प्रत्युत्पन्नमतित्त्व प्राप्त हुन्छ । यी सबै उच्चतर कार्य सबै प्राणीमा पाइन्छन् तर मानिसमा यी सबैभन्दा बढी विकसित पाइएको छ । अन्य प्राणीभन्दा भिन्न मानिस यस मानेमा छ कि मानिसले बोल्न सक्ने र वाक्यको निर्माण गर्न सक्छ, त्यसलाई लेख्न सक्छ र लेखेकोलाई अन्य मानिसले पनि जस्ताको त्यस्तै बोल्न, बुझ्न र फेरि लेख्न सक्छ अथवा त्यसलाई आफूअनुरूप व्याख्या गर्न सक्छ । यतिमात्र होइन, उसले लेखेको कुरालाई अन्य दुरस्त स्थानमा पठाएर सम्प्रेषण पनि गर्न सक्छ । यस सम्प्रेषणको काम पहिले चिठीपत्रद्वारा हुन्थ्यो भने आजभोलि लेखेका सबै एकसाथ आफूले बनाएको मेशिनद्वारा एकैसाथ जस्ताको त्यस्तै संसारका प्रत्येक कुनामा पठाउन सक्छ । यतिमात्र होइन, मानिसले आफ्नै जस्तो हूबहू सबै कार्य सम्पादन गर्न सक्ने कम्प्युटरको पनि निर्माण गरिसकेको छ, जसलाई एआई भनिन्छ । यी सबै मानिसको ब्रेनको उच्चतर कार्यसम्पादन अन्तर्गत आउँछन् तर यसका आधारभूत कुरा भने केवल तीन चीज हुन्– लर्निङ अथवा सिकाइ, मेमोरी अथवा स्मरण र स्पीच अथवा बोल्ने शक्ति वा भाषा । आज हामीले यी तीनवटै आधारभूत कुराको विवेचना गर्नेछौं । लर्निङ वा सिकाइ त्यो प्रक्रिया हो जसद्वारा मानिसले नयाँ सूचना प्राप्त गर्छ र आफ्नो व्यक्तित्वमा निखार ल्याउँछ । स्मरणद्वारा मानिसले प्राप्त सूचनाको सञ्चय गरी फेरिफेरि प्रकट गर्न सक्ने शक्ति हो भने बोली त्यो घटना हो, जसद्वार मानिसले प्राप्त गरेको सूचनालाई बोलेर, लेखेर वा पढेर व्यक्त गर्न सक्छ । आज हामी यिनै तीन उच्चतर बौद्धिक कार्यको सङ्क्षेपमा वर्णन गर्नेछौं ।

लर्निङ वा सिकाइ ननएशोसिएटिभ र एशोसिएटिभ दुई प्रकारको हुन्छ । ननएशोसिएटिभ, सिकाइको त्यो रूप हो, जसमा प्रतिक्रिया केवल एक स्टिमुलसप्रति हुन्छ । जसरी हामी खाना खान्छौं र ज्याल मुखमा आउँछ । यहाँ खाना केवल एउटा मात्र स्टिमुलस हो । एशोसिएटिभ एउटा जटिल प्रक्रिया हो, जो एक स्टिमुलसको अर्को स्टिमुलसको सम्बन्धले व्यक्त हुन्छ । यो पछि स्पष्ट हुँदै जान्छ । ननएशोसिएटिभ सिकाइ दुईटा कुरामा निर्भर हुन्छ– हेबिचुएशन अथवा आदतीकरण र सेन्सिटाइजेशन अथवा चैत्यनीकरण । जब कुनै उत्तेजनालाई बारम्बार दोहराइन्छ, तब पहिले त उसले मानिसमा प्रभाव पार्छ तर पछि प्रभाव कम हुँदै जान्छ, अर्थात् मान्छेमा त्यसलाई सहन सक्ने आदत पर्छ अर्थात् मान्छेले त्यसलाई अस्वीकार गर्छ अर्थात् त्यसको असर हुँदैन । उदाहरणको लागि सडकछेउको घरमा जहाँ सवारीसाधनको उत्पात शोर हुन्छ, त्यहाँ पहिले त मान्छे सुत्न नै सक्दैन । तर केही दिनपछि उत्पात आवाजको बीच पनि मान्छे मज्जाले सुत्न सक्छ । यस्तो सिकाइको आदतीकरणको प्रभावले सम्भव हुन्छ । सेन्सिटाइजेशन वा चैतन्यीकरणको मतलब यो हो कि एक आवाजप्रति त तपाईंको आदत परेको छ तर त्यही आवाज कुनै अर्को आवाजसँग मिसिएर आउँछ, तब मान्छेले अधिक सचेतना देखाउँछ । उदाहरणको लागि कुनै महिलालाई हल्लाको बीचमा सुत्ने आदत परेकोले आरामले सुत्छ तर जब उसको बच्चा रुन्छ र त्यसको आवाज पनि त्यसमा मिसिन्छ, तब महिला तुरुन्त उठ्छिन् । महिला बच्चाको आवाजले सेन्सिटाइज भएकी छन् । एशोसिएशन सिकाइ भने जटिल प्रक्रिया हो, जो एक स्टिमुलसको अर्को स्टिमुलसको सम्बन्धले व्यक्त हुन्छ । उदाहरणको लागि रूसी वैज्ञानिक पेभलभको प्रयोग धेरै चर्चित छ । उनले कुकुरलाई खाना दिए । नभन्दै ज्याल मुखमा निस्कियो । केही दिनपछि खानाको साथै एउटा घण्टी बजाउन थालियो । यो प्रक्रिया पनि केही दिन चल्यो । अब केवल घण्टी मात्र बजाउन थालियो, खाना दिइएन । तापनि कुकुरको ज्याल उसको मुखमा खाना खाए जस्तै




निस्कन थाल्यो । यसले के बुझियो भने खाना र घण्टी दुई स्टिमुलसको यहाँ एशोसिएशन छ । त्यसैले यसलाई एशोसिएशन सिकाइ भनियो ।

अब आउनुस् मेमोरी अथवा स्मरणको विवेचनामा

मेमोरी : मान्छेले प्राप्त सूचनालाई ब्रेनमा सङ्ग्रह गरी राख्ने शक्तिलाई मेमोरी वा स्मरण भनिन्छ । यो केही सेकेन्ड अथवा केही दिन, सप्ताह, महीना, वर्ष वा कहिलेकाहीं जीवनपर्यन्त पनि सङ्ग्रहित हुन्छ । मेमोरी तीन प्रकारको हुन्छ– १. फिजियोलोजिकल अथवा शरीरक्रियात्मक, २. टाइम रिलेटेड अथवा समय सम्बन्धित र ३. विभिन्न अवधिमा निर्भर । पहिलोको दुई प्रकार हुन्छः एक्सप्लिसिट वा डिक्लियरेटिभ वा रिकोग्निसन र इम्प्लिसिट वा ननडिक्लियरेटिभ वा स्कील्ड मेमोरी । तपाईंलाई तीन दिन पहिले नास्ताको समयमा मनाइएको कसैको बर्थ डेको याद आयो । यो एक्सप्लिसिट मेमोरी हो, जो बाहिरीजगत्मा चारैतिर घटित हुन्छ । यसको केन्द्र ब्रेनको हिप्पोकैम्स र टेम्पोरलोवको मेडियल भागमा हुन्छ । इम्प्लिसिट मेमोरीमा चेतनाको खासै जरुरी हुँदैन र काम आफैं भइरहन्छ । साइक्लिङ, ड्राइभिङ, टाइपिङ, डान्सिङ आदि लर्निङ यसमा आउँछन् । यसमा सेन्सरी र मोटर दुवै पाथवे संलग्न हुन्छन् । २. समय सम्बन्धित मेमोरी : दुई प्रकारको हुन्छ : सर्ट टर्म मेमोरी र लङ टर्म मेमोरी । सर्ट टर्म मेमोरीलाई रिसेन्ट अथवा ताजा मेमोरी पनि भनिन्छ, जो केही घण्टादेखि केही दिनसम्म याद रहन्छ । उदाहरणको लागि कुनै टेलिफोन नम्बर अर्को दिनसम्म याद रहन्छ तर प्रायः तेस्रो दिन बिर्सिन्छ । लङ टर्म मेमोरीलाई रिमोट मेमोरी पनि भनिन्छ । यो हप्ता, महीना, वर्ष र कहिलेकाहीं जीवनपर्यन्त पनि याद रहन सक्छ, जसरी पहिलो दिन विद्यालय गएको, हनिमुनको पहिलो दिनको अनुभव वा कुनै पिकनिक आदिको स्मरण यसमा आउँछ । यो मेमोरी बाधित हुँदैन । ३. अवधि निर्भर मेमोरी : यसको पनि तीन प्रकार हुन्छ– सेन्सरी मेमोरी, प्राइमरी मेमोरी र सेकेन्डरी मेमोरी । सेन्सरी मेमोरी सेन्सरी सिग्नलको रूपमा ब्रेनको सेन्सरी क्षेत्रमा सङ्ग्रहित हुन्छ । यो केवल निमेष मात्रको लागि रहन्छ र एक सेकेन्डभित्र नै अर्को नयाँ सेन्सरी सिग्नलद्वारा विस्थापित भइरहन्छ । यो मेमोरीको सुरुआती दौर हो र सर्ट टर्म मेमोरी अन्तर्गत आउँछ । प्राइमरी मेमोरी तथ्य, सङ्ख्या, अक्षर वा वाक्यसँग सम्बन्धित हुन्छ, जुन केही सेकेन्ड वा मिनेटमा भित्र आउँछ र केही क्षणपछि बिर्सिन्छ । कुनै डायरेक्टरीमा टेलिफोन नम्बर हेर्नुस् । त्यो केहीबेरसम्म याद रहन्छ । डायरेक्टरीको अर्को नम्बर हेर्नासाथ पहिलोवाला बिर्सिन्छ । मतलब यो कि दोस्रो नम्बरले पहिलो नम्बरलाई विस्थापित गरिदियो । यो पनि सर्ट टर्म मेमोरी नै हो । सेकेन्डरी मेमोरीलाई फिक्स्ड वा परमानेन्ट मेमोरी पनि भनिन्छ । यो ब्रेनको सङ्ग्रहालयमा लामो समयसम्म रहिरहन्छ र घण्टौं, महीनौं वा वर्षौंसम्म रहिरहन्छ । यही लङ टर्म मेमोरी हो ।

बेसिक अफ मेमोरी वा स्मरणका आधार : मतलब यो कि कुन आधारमा कसरी मेमोरी सङ्ग्रह हुन्छ र याद हुन्छ । मेमोरीको यो आधार पनि तीन प्रकारको हुन्छः १. एनाटोमिकल २. फिजियोलोजिकल र केमिकल अथवा मोलिकुलर । पहिलोमा सिनेप्सको कुरा आउँछ । यो दुई नर्भ फाइबरको जोडलाई भनिन्छ, जसको बारेमा पाठकलाई पहिलेको लेखद्वारा थाहा भएको कुरा हो । अरू कुराको सिनेप्सभन्दा स्मरणको सिनेप्सको बनावट फरक हुन्छ । अर्को ठाउँमा सिनेप्सको संरचनामा एकमात्र प्रिसिनेप्टिक फाइबर हुन्छ, जो पोस्टसिनेप्टिक फाइबरसित मिल्छ र सिग्नल आफूबाट त्यसमा ट्रान्सफर गर्छ । तर मेमोरीको सिनेप्समा दुईवटा प्रिसिनेप्टिक टर्मिनल हुन्छ । एउटालाई प्राइमरी सिनेप्टिक र अर्कोलाई फेसिलिटेटरी टर्मिनल भनिन्छ । प्राइमरी पोस्टसिनेप्टिक फाइबरसँग मिल्छ तर फेसिलिटेटरी प्राइमरीसँग नै मिल्छ पोस्टसिनेप्टिकसँग होइन । जसरी कुनै बिरुवा जमीनसँग मिल्छ तर बिरुवाको शाखा बिरुवासँग नै मिलेको हुन्छ, जमीनसँग होइन । यस प्रबन्धनले मेमोरी लामो समयसम्म टिकिरहन्छ । फिजियोलोजिकल आधारमा मेमोरीलाई न्युरोनल सर्किटको विकास र सिनेप्सको सङ्ख्याले निर्धारण गर्छ । जति बढी सिनेप्सको सङ्ख्या त्यति बढी न्युरोनल सर्किट र त्यही अनुपातमा मेमोरीको पनि बढी उत्पादन । यही सर्ट टर्म मेमोरीको आधार हो । जब न्युरोनल सर्किटलाई निरन्तर क्रियाशील पारिन्छ, जसरी कुनै कुरालाई दोहोराउनु, तब मेमोरी सघन भएर ब्रेनका विभिन्न क्षेत्रमा एनकोड अथवा सङ्ग्रह हुन्छ । हिप्पोकैम्पस, थैलेमस, हाइपोथैलेमस र कार्प्स स्ट्राएटम एनकोड गर्ने मुख्य हिस्सा हुन् तर सेरिब्रल कार्टेक्सको फ्रोन्टल र पेराइटल लोबमा पनि मेमोरी स्टोर हुन्छ । यो लङ टर्म मेमोरीको आधार हो । केमिकल वा मोलेकुलर आधारमा क्याल्शियमको मुख्य भूमिका हुन्छ । क्याल्शियमले निस्सृत सेरोटिनिनको मात्रा बढाइदिन्छ । यही बढेको सेरोटिनिन पोस्टसिनेप्टिक टर्मिनलमा प्रवेश गरेर अत्यधिक मेमोरीलाई सङ्ग्रह गरी राख्ने काम गर्छ ।

कन्सोलिडेशन अफ मेमोरी अथवा स्मरणको सघनीकरण : सर्ट टर्म मेमोरीलाई लङ टर्म मेमोरीमा बदल्ने प्रक्रियालाई कन्सोलिडेशन भनिन्छ । जब कुनै सूचनालाई बारम्बार दोहोराइन्छ, तब बढी सेरोटिनिन पोस्टसिनेप्टिक टर्मिनलमा प्रवेश गर्छ र यही हो स्मरणको सघनीकरण । जसरी पानीको सघनीकरणले बरफ बन्छ र चाहिएको बेला त्यसै बरफबाट पानी प्राप्त गरिन्छ । त्यस्तै, सर्ट टर्म मेमोरीको सघनीकरणले लङ टर्म मेमोरी बन्छ र फेरि त्यसैबाट ताजा मेमोरी प्राप्त हुन्छ । मेमोरीलाई बढाउने वा फेसिलिटेट गर्ने कतिपय औषधि पनि हुन्छन्, जसमा मुख्यतः कैफिन, निकोटिन, फाइसोस्टिग्मिन र स्ट्रेकनिन आदि आउँछन् । यी सबैले यही कन्सोलिडेशनलाई बढाउँछन् ।

स्पीच वा बोली वा भाषा : कुनै पनि विचार जसको कुनै निश्चित अर्थ हुन्छ, को आवाजद्वारा व्यक्त गर्ने प्रक्रियालाई स्पीच भनिन्छ । यो ब्रेनको सुप्रिम कार्य अन्तर्गत आउँछ र ब्रेनका विभिन्न सेन्सरी, मोटर र मनोवैज्ञानिक केन्द्रको सहयोग र साथले मात्र सम्पन्न हुन्छ, कुनै एकमात्र भागले होइन । यसरी विचारको मौखिक प्रकटीकरण स्पीच हो, भिजुअल प्रकटीकरण लेखन हो र भिजुअल र मौखिक दुवैको प्रकटीकरण रिडिङ हो ।

मेकानिज्म अफ स्पीच : यसमा सेन्ट्रल र पेरिफेरल दुई किसिमका औजारहरू हुन्छन् । सेरिब्रल हेमिस्फियर सेन्ट्रल औजार हो भने लैरिनक्स वा साउन्ड बक्स, मुख, नाक, ओठ, जिब्रो भने पेरिफेरल औजारहरू हुन् । दुवैको सम्मिलित प्रयासले मात्र स्पीच सम्भव हुन्छ । यो स्पीच नै हो, जसले मानिसलाई अन्य जनावरबाट भिन्न बनाउँछ ।

स्पीचको विकास : यसमा दुई स्टेज हुन्छ : प्रथम र द्वितीय । पहिलोमा बाहिरी संसारबाट केही भिजुअल वा भर्बल शब्द प्राप्त भई मेमोरीको रूपमा सङ्ग्रहित हुन्छ ।

दोस्रो स्टेजमा जब त्यस शब्दको अर्थ बालकले बुझ्छ, तब त्यो सेरिब्रल कार्टेक्सको एरिया ४१ र ४४ मा सङ्ग्रहित हुन्छ । यी दुई एरियाको सहयोगले अब बच्चा त्यस शब्दलाई सस्वर उच्चारण गर्छ, जसको बारेमा गताङ्कमा बताइसकिएको छ । **क्रमशः**

## को श्रेष्ठ

गङ्गा किनारमा एउटा आश्रममा ऋषि मुद्गल आफ्ना अनेकौं शिष्यलाई शिक्षा दिन्थे । एक समय त्यहाँ दुईजना मात्र शिष्य विद्याध्ययन गर्थ्ये । दुवै शिष्यले गुरुको निकै आदर गर्थ्ये र गुरुले पनि उनीहरूलाई पुत्रवत् स्नेह गर्थ्ये । बिस्तारै ती शिष्यहरू पारङ्गत विद्वान् बने, तर ती दुवै अहङ्कारी पनि भए र स्वयंलाई अर्कोभन्दा श्रेष्ठ ठान्न थाले । एक दिन महर्षि स्नान गरेर फर्के, के देख्छन् भने अहिलेसम्म आश्रमको सफाइ भएको छैन र दुवै शिष्य सुतिरहेका छन् । महर्षिले दुवैलाई उठाए र आश्रमको सफाइ गर्ने आदेश दिए ।

दुवैले आफूलाई एकअर्काभन्दा श्रेष्ठ दाबी गर्दै आफूले सफाइ गर्नु शोभा दिंदैन भन्न थाले । महर्षि दुवैका कुरा सुनिरहेका थिए । उनले भने–"तिमी दुवै ठीक भनिरहेका छौ । तिमी दुवै श्रेष्ठ र विद्वान् छौ ।"

यति भनेर उनले झाडू उठाए र आफैं सफाइ गर्न थाले । यो देखेर दुवै लज्जित भए । उनीहरूको अहङ्कार पग्ल्यो । दुवैले गुरुसँग क्षमा मागे र सफाइ गर्न थाले ।

# अन्तर्राष्ट्रिय समाचार

## विभिन्न देशका प्रमुखहरू हिरोशिमा पुगे

म्याक्रोन, हिरोशिमा, ५ जेठ/एएनआई

अमेरिकी राष्ट्रपति जो बाइडेन, बेलायतका प्रधानमन्त्री ऋषि सुनक र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रों शुक्रवार जापानको हिरोशिमा पिस मेमोरियल पार्क पुगेका छन् । जापानी प्रधानमन्त्री फुमियों किशिदाले उनीहरूलाई हिरोशिमा शान्ति स्मृति उद्यान (हिरोशिमा पिस मेमोरियल पार्कमा) स्वागत गरेका थिए ।



जापानको हिरोशिमा पिस मेमोरियल पार्क पुगेका अमेरिकी राष्ट्रपति जो बाइडेन, बेलायतका प्रधानमन्त्री ऋषि सुनक र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंलगायत । तस्वीरः एपी

हिरोशिमा पिस मेमोरियल पार्कको भ्रमणका लागि अमेरिकी राष्ट्रपति जो बाइडेन पत्नी जिल बाइडेनसँगै छन् । त्यसैगरी, बेलायतका प्रधानमन्त्री ऋषि सुनकले आफ्नी पत्नी अक्षता मूर्तिसँग हिरोशिमा पिस मेमोरियल पार्कको भ्रमण गर्दै छन् । हिरोशिमा पिस मेमोरियल पार्क (गेनबाकु डोम) सन् १९४५ अगस्त ६ मा संसारको पहिलो आणविक बम खसालिएको घटनाको दुःखद स्मृतिमा निर्मित संरचना हो ।

अमेरिकी राष्ट्रपति जो बाइडेन, बेलायतका प्रधानमन्त्री ऋषि सुनक, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रों र इटालीका प्रधानमन्त्री जर्जिया मेलोनी यही मे १९ देखि २१ सम्म हिरोशिमामा हुने जी–७ शिखर सम्मेलनमा सहभागी हुन जापान पुगेका हुन् । जी–७ समूहमा जापान, इटाली, क्यानडा, फ्रान्स, अमेरिका, बेलायत र जर्मनी रहेका छन्। जापानले आफ्नो जी–७ अध्यक्षता अन्तर्गत अस्ट्रेलिया, ब्रजील, कोमोरोस, कुक टापु, भारत, इन्डोनेशिया, दक्षिण कोरिया र भियतनामका नेताहरूलाई आमन्त्रित गरेको छ ।

जी–७ शिखर सम्मेलन यसका सदस्य राष्ट्रहरू फ्रान्स, संयुक्त राज्य अमेरिका, बेलायत, जर्मनी, जापान, इटाली र क्यानडा (रोटेटिङ प्रेसिडेन्सीको क्रममा) र युरोपेली सङ्घका नेताहरूका लागि वार्षिक अन्तर्राष्ट्रिय मञ्च हो। युरोपेली परिषद्का अध्यक्ष चार्ल्स मिशेलले हिरोशिमामा हुने जी–७ बैठकमा युरोपेली सङ्घको प्रतिनिधित्व गर्दै छन् ।

प्रधानमन्त्री नरेन्द्र मोदी मे १९ मा हिरोशिमा पुगे र मे २०–२१ मा हुने जी–७ शिखर सम्मेलनमा सहभागी हुनेछन् ।

विश्व राजनीतिका प्रमुख नेताहरूलाई स्वागत गर्दै जापानी प्रधानमन्त्री फुमियों किशिदाले आफ्नो सन्देशमा भनेका छन्– "मे १९ देखि २१ सम्म जी–७ शिखर सम्मेलन मेरो गृहनगर हिरोशिमामा हुँदैछ। हिरोशिमा हरियाली चुगोकु हिमालले घेरिएको, शान्त सेतो अन्तर्देशीय सागरको अनुहारमा रहेको सुन्दर शहर हो ।"

"म साँच्चै जी–७ नेताहरूलाई हिरोशिमामा स्वागत गर्न आतुर छु । यस वर्ष विश्वको ध्यान जापानमा केन्द्रित हुँदा यो सुन्दर परिदृश्य, परम्परागत संस्कृतिबाट विश्वलाई हाम्रो देशको आकर्षण देखाउने ठूलो अवसर हुनेछ," उनले भने ।

यसअघि मे १८ मा जापानी प्रधानमन्त्री फुमियों किशिदाले अमेरिकी राष्ट्रपति जो बाइडेनसँग भेटवार्ता गरेका थिए । उनले बेलायती समकक्षी ऋषि सुनकसँग पनि भेटवार्ता गरेका थिए । किशिदाले जी–७ शिखर सम्मेलनमा भाग लिन हाल जापानमा रहेका इटालीका प्रधानमन्त्री जर्जिया मेलोनीसँग पनि भेट गरेका थिए ।

यसैबीच, जी–७ का नेताहरूले शुक्रवार जापानको हिरोशिमास्थित हिरोशिमा शान्ति स्मारक उद्यानमा माल्यार्पण गरेका थिए । उनीहरूले हिरोशिमा पिस मेमोरियल पार्कमा वृक्षारोपण गरेका थिए । हिरोशिमा मेमोरियलमा माल्यार्पण गरेपछि नेताहरूले सामूहिक तस्बिरसमेत खिचाएका थिए ।

जापानी प्रधानमन्त्री फुमियों किशिदा, युरोपेली काउन्सिलका अध्यक्ष चार्ल्स मिशेल, अमेरिकी राष्ट्रपति जो बाइडेन, इटालीका प्रधानमन्त्री जर्जिया मेलोनी, फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रों, क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडो र जर्मन चान्सलर ओलाफ स्कोल्ज र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डर लेयनले सामूहिक तस्बिर खिचाएका थिए ।

जापानले यसै वर्ष २०२३ मा जी–७ को अध्यक्षता ग्रहण गरेको हो । रासस

### जोगाऔं है उखान ...

कानून र प्रकाशनसम्बन्धी आचारसंहितालाई विचार गरेर स्वस्थ भावना र स्वच्छ विचार भएको उखानहरूलाई सङ्कलन गर्नुपरेको छ । भाषालाई जीवन्त बनाइराख्न तथा भाषाको जीवन्ततालाई दीर्घकालीनरूपमा कायम राखिरहनको लागि यो जरुरी छ। उखानको संरक्षणले आफ्ना पितापुर्खाको चिनारीलाई पनि सङ्कलन गर्न सक्छौं भन्ने मानेर जो जहाँ र जसरी सम्भव छ, उखानहरूको सङ्कलन भविष्यको निधि मानेर गर्नु शुरू गरिहाल्नुपरेको छ ।

घरमा एउटा डायरी वा कापी राखौं। कोही कतै बोल्दा वा कसैले बोलेको सुन्दा यदि उखानको प्रयोग भएको पाउँछौं भने तत्काल सम्झौं वा खल्तीमा रहेको पानामा टिपौं। अनि घरमा आएर त्यस उखानलाई डायरी वा कापीमा लेखिहालौं। यसरी गर्दा हरेक घरले के कस्ता उखानको प्रयोग गरिरहेका छन् र कति उखानमा प्रचलनमा छन् भन्ने कुरो थाहा हुन्छ ।

उखानको प्रकृतिको आधारमा आफैंले वर्गीकरण पनि गर्न सक्छौं नभए यदि केही सय उखानहरू सङ्कलन हुन्छन् भने ती उखानहरूलाई सम्भव भए प्रकाशन गरौं वा नभए ती उखानहरूलाई नजीकको कुनै पत्रिकाको कार्यालय वा मन परेको लेखकलाई उपलब्ध गराउन सक्छौं । यसले गर्दा उखान सङ्कलनकर्तामा आफ्नो नाम पनि आउँछ, जुन एउटा कीर्तिको रूपमा रहन जान्छ । अथवा भाषा संरक्षणमा आफ्नो योगदान रहेको भनेर आफू वा आफ्ना सन्तानलाई गर्वान्वित गर्न सक्छौं । अहिलेको पुस्ताले यदि उखानको सङ्ग्रह नगर्ने हो भने उखानहरू हराउँदै गएर भविष्यमा उखानरहित मानिसहरूको बोलवाला हुन्छ र हाम्रा सन्ततिहरूले हाम्रो सामाजिक सम्पत्तिको रूपमा रहेको उखान हराएको पत्तो पाउनेछैनन्। पुस्तकालयमा उत्खनन गर्दा मात्र उखानबारे जानकारी पाउँछन् । यसर्थ उखान जोगाऔं है उखान ।

उखानले अनेक बखान गर्ने भएकाले यसको संरक्षणमा सबै पक्षले ध्यान दिनु आवश्यक छ। यसलाई साहित्यकारहरूले मात्र जोगाउनुपर्छ भन्ने होइन ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कडाश्रम | मकर – ज्ञानोदय |
| कुम्भ – भयचिन्ता | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाइसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## सत्ता र पत्रकारिताबीचको खाडल हटाएर लोकतन्त्र बलियो बनाउनुपर्नेमा जोड

प्रस, वीरगंज, ५ जेठ/

भारत, उत्तर प्रदेशका उपमुख्यमन्त्री ब्रजेश पाठकले पत्रकारिता लोकतन्त्रको चौथो स्तम्भ भएकोले सत्ता र पत्रकारिताबीचको खाडल हटाएर लोकतन्त्र बलियो बनाउनुपर्ने बताएका छन् ।



तस्वीरः प्रतीक

प्रेस क्लब अफ आगरा र उत्तर प्रदेश पत्रकार सङ्घको आयोजना र सार्क जर्नलिस्ट फोरमको सहयोगमा 'इन्डो–नेपाल–बङ्गलादेश मिडिया कन्क्लेभ–२०२३' कार्यक्रममा उपमुख्यमन्त्रीले भिडियो सन्देशमार्फत यस्तो धारणा व्यक्त गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि केन्द्रीय कानून तथा न्याय राज्यमन्त्री प्राध्यापक एसपी सिंह बघेलले प्रतिस्पर्धा र टिआरपीका कारण कतिपय समाचार अपूर्ण, तथ्यविहीन प्रसारण र प्रकाशन भइरहेको बताए। उनले समाजमा जसरी गलत पत्रकारिताका लागि पीत पत्रकारिता शब्द प्रयोग गरिन्थ्यो, त्यसरी नै प्रशासनिक कर्मचारीको भ्रष्टाचारलाई रातो फित्ता शब्द दिइएको उनले बताए।

तुलसीदासको दोहोरीलाई वर्तमान युगको परिप्रेक्ष्यमा परिमार्जन गर्दै उनले कवि, वैद्य र पत्रकारले भयभीत भएर प्रशंसा गरे देश बर्बाद हुने बताए । प्रजातन्त्रका चार खम्बामध्ये एउटा पनि कमजोर भए लोकतन्त्र खतरामा पर्ने उनको भनाइ थियो । उनले भने, नारदजीले जस्तै पत्रकारले सूचना मात्रै दिंदैनन्, पीडितलाई न्याय पनि दिन्छन् भन्ने हामीलाई थाहा छ ।

उत्तर प्रदेशका शिक्षामन्त्री योगेन्द्र उपाध्यायले सरकार र पत्रकारले समाजको लागि सोचे मात्रै समस्याको समाधान हुने बताए । उनले भने, पत्रकारले मात्रै जनतालाई सचेत गराउँछन्। सङ्कटकालमा पत्रकारिताको चेतनाको प्रभाव हामीले देख्यौं । अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउँदा पत्रपत्रिकाले पनि आवाज उठाए र विरोध गरे । फलस्वरूप तत्कालीन सरकार झुक्नुपरेको थियो । उनले पत्रकारले राम्रो मनले काम गरे मात्र समाज, राज्य र देशमा परिवर्तन ल्याउन सक्ने बताए ।

कार्यक्रमका प्रमुख वक्ता पत्रकार विनोद अग्निहोत्रीले आगरामा भएको भारत–पाक शिखर सम्मेलनको स्मरण गर्दै ती वार्ता सफल भएको भए अहिलेसम्म भारत र पाकिस्तानको नक्शा परिवर्तन भइसकेको हुने बताए । पत्रकारिताका चुनौतीहरूको बारेमा चर्चा गर्दै उनले धेरै सतर्कता आवश्यक रहेको बताए। उनले हिन्दी पत्रकारिता सम्पदा हो, यसलाई सम्हाल्नुपर्नेमा जोड दिए ।

भाजपाका प्रदेश अध्यक्ष शिवमनोहर पाण्डेले ग्रामीण क्षेत्रका पत्रकारलाई कसैले ध्यान नदिएको बताए । उनले भने, न त प्रतिष्ठानबाट उचित पारिश्रमिक पाउँछन्, न समाजबाट उचित सम्मान पाउँछन्, यस्तो विचित्र परिस्थितिलाई पनि सबैले बुझ्नुपर्ने बताए। उनले पत्रकारले अरूको पीडा लेख्न सक्छ, आफ्नो होइन । यसका लागि पत्रकार सङ्गठनहरू बलियो भएर आफ्ना समस्याहरू समाधान गर्नुपर्ने बताए ।

सार्क पत्रकार मञ्चका अध्यक्ष राजु लामाले भारत लोकतन्त्रको जननी भएको बताए। नेपाल र बङ्गलादेशमा भारतको सहयोगबाट मात्रै लोकतन्त्र आएको उनले बताए । उनले अफगानिस्तानका पत्रकारहरूले धेरै समस्याको सामना गर्नुपरेको बताए। दक्षिण एशियाका अरू देशका साथै भारतमा पनि पत्रकारहरूले लोकतन्त्रको रक्षाका लागि सधैं अग्रपङ्क्तिमा लडेको उनले बताए ।

सार्क जर्नलिस्ट फोरमका महासचिव बङ्गलादेशका मोहम्मद अब्दुर रहमानले भारतको लोकतन्त्र समृद्ध र प्रेरणादायी रहेको बताए। पत्रकार अरुण त्रिपाठीले पत्रकार र पत्रकारिताको सङ्कटबारे विशेष प्रतिविम्ब प्रस्तुत गरेका थिए । उनले हरेक किसिमका समाचारबाट पत्रकारहरूलाई चुनौती भएपनि सुरक्षा उपलब्ध नहुने भएकाले नैतिकता पत्रकारको कवच भएको बताए। अर्का पत्रकार पराडकरले अमर शहीद राजगुरुलाई पिस्तौलले गोली चलाउन सिकाएका थिए तर पराडकरले कहिल्यै पिस्तौल प्रयोग गरेनन्, उनले भने। उनले महात्मा गाँधी, पण्डित नेहरू, अटलविहारी बाजपयी, लालकृष्ण आडवाणी आदि पनि पत्रकार रहेको बताए ।

कार्यक्रममा क्लबका अध्यक्ष अशोक अग्निहोत्री, क्लबका उपाध्यक्ष विनीत दुबे, उपसचिव शोभित चतुर्वेदी, पत्रकार विनोद भारद्वाज, आदर्शनन्दन गुप्ता, जसवीर सिंह जस्सी, शिव चौहान, सञ्जय सिंह, रिङ्की तोमर, अजेन्द्र चौहान, अरुण रावत, मनीष जैन, विजय बघेल, समीर कुरेशी, कपिल अग्रवाललगायत भारत, नेपाल र बङ्गलादेशका चार सयभन्दा बढी पत्रकारको सहभागिता थियो। प्रेस क्लब अफ आगराका सचिव सञ्जय तिवारीले स्वागत र कार्यक्रमको सञ्चालन कोषाध्यक्ष विवेक जैनले गरेका थिए ।

## दुई नेपाली चलचित्र प्रदर्शनमा

काठमाडौं, ५ जेठ/रासस

शुक्रवार नयाँ चलचित्रको प्रदर्शनलाई निरन्तरता दिंदै आजदेखि दुई नेपाली चलचित्र 'डाकिनी' र 'ए साथी सुन' प्रदर्शन भएका छन्। फरक विधाका दुई चलचित्रले नेपाली दर्शकलाई आकर्षित गर्ने विश्वास निर्माण समूहको छ ।





निर्देशक रामराघव आचार्यले निर्देशन गरेको चलचित्र 'ए साथी सुन' प्रेमकथामा आधारित छ। "यसलाई हामीले नेपाली दर्शक सुहाउँदो शैलीमा तयार गरेका छौं। प्रेमकथासँगै सामाजिक कथालाई समेटेका छौं," निर्देशक आचार्यले भने। यो उनको पहिलो चलचित्र हो । उनले भारतमा अभिनय र निर्देशनको प्रशिक्षण लिएका थिए। चलचित्रलाई टायम कट्टेल र बीना कार्कीले निर्माण गरेका हुन् । निर्माता कट्टेलले चलचित्रले समाजको यथार्थलाई प्रस्तुत गरेको बताए ।

चलचित्रमा सुशील पोखरेल, जयनन्द लामा, वर्षा शिवाकोटी, रमेश बानियाँ, आर्यन खड्का, विमला गिरी, रमेश अधिकारीलगायत कलाकारले अभिनय गरेका छन् ।

विश्वभर अङ्ग्रेजी नाम 'लुकिङ फर अ लेडी विथ फ्याङ्स एन्ड मुस्टचाच' बाट प्रदर्शन भएको चलचित्र 'डाकिनी' आजैबाट प्रदर्शन भइरहेको छ । बौद्धग्रन्थमा बज्रयोगिनी, ताराजस्ता देवी (डाकिनी)का गतिविधि सुनिने दन्त्यकथाका आधारमा तयार गरिएको चलचित्रमा देवीको खोजीको कथा प्रस्तुत गरिएको छ । चलचित्रले बौद्धग्रन्थको सुन्दर आयामलाई बाहिर ल्याएको छ ।

बौद्धधर्मका गुरु खिन्से नोर्बु (जोङ्सार खिन्से रिम्पोछे) निर्देशक रहेका चलचित्रमा ६० प्रतिशत तिब्बती र ४० प्रतिशत नेपाली भाषाको प्रयोग गरिएको छ । छिरिङ तासी, तेन्जिङ कुन्सेल, कार्म, दिव्यदेव, रवीन्द्रसिंह बानियाँलगायतको अभिनय रहेको छ । चलचित्र सीमित हलमा मात्र प्रदर्शन भइरहेको छ ।

"विश्वविख्यात प्राविधिकको सहभागितामा निर्माण भएको चलचित्रलाई नेपाली दर्शकसम्म पुऱ्याउने उद्देश्यले सीमित समयका लागि मात्रै प्रदर्शन गर्नेछौं । हामीले व्यावसायिक प्रदर्शन गर्न लागेका होइनौं," निर्माता बानियाँले भने । विश्वभर महोत्सवमा देखाइएको र रुचाइएको नेपाली कथा नेपाली दर्शकलाई कस्तो लाग्छ भन्ने जान्नका लागि सीमित समयका लागि मात्रै प्रदर्शन गरिएको उनको भनाइ थियो। 'कला सप्ताह'को रूपमा चलचित्र प्रदर्शन, मास्टरक्लास, नाटक मञ्चनलगायत गतिविधिसमेत गर्न लागिएको उनले जानकारी दिए ।

### नागरिक उन्मुक्ति ...

६ देखि १० गतेसम्म पार्टीले घोषणा गरेको नेपाल बन्द तत्कालको लागि स्थगन गरिएको बताए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आग्रहमा तत्कालका लागि नेपाल बन्द स्थगन गरिएको बताए।

नागरिक उन्मुक्ति पार्टीले हिजो बिहीवार पर्सा जिल्लाको पटेर्वासुगौली गापाको श्रीपुर पंचगावाँमा पनि विरोध प्रदर्शन गरेको थियो ।

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### विद्यार्थीहरूलाई भोजपुरी ...

स्वास्थ्य क्षेत्रमा विद्यार्थीहरूलाई निश्शुल्क प्रशिक्षण दिंदै आएको बताए ।

कार्यक्रममा रमिता महर्जनले विद्यार्थीहरूलाई स्वस्थ प्रजनन शिक्षाको बारेमा प्रशिक्षण दिएकी थिइन् । कार्यक्रममा सन्दीप साह, अनीता कुँवर, मनोज मिश्र, सञ्जय गुप्ता, लालबाबू सिंह, राजकुमार सर्राफ, विशाल पटेल, अनिशकान्त कुशवाहालगायतको सहभागिता थियो ।

# ट्राफिक सचेतनासम्बन्धी पर्चा वितरण

प्रस, वीरगंज, ५ जेठ/

सडक सुरक्षा सप्ताह अन्तर्गत शुक्रवार पाँचौं दिन वीरगंजको घण्टाघर, माईस्थान, आदर्शनगर चोकमा बटुवाहरूलाई ट्राफिक सचेतनासम्बन्धी पर्चा वितरण गरिएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रहरी नायब निरीक्षक हनुमान यादवको नेतृत्वमा गौतम माविका विद्यार्थी तथा स्वयंसेवकहरूले बिहान ८ देखि १० बजेसम्म दुई घण्टा सडकपेटीमा हिंड्ने पैदलयात्रीहरूलाई ट्राफिक नियम पालना गर्न र तोकिएको ठाउँबाट सडक पार गर्न सचेत गराएका थिए। उनीहरूलाई ट्राफिक नियमसम्बन्धी पर्चा पनि वितरण गरिएको थियो।



तस्वीरः सौजन्य

साँझ बसपार्कमा आरक्षित सिट प्रयोगसम्बन्धी ट्राफिक व्यवस्थापनको लागि जानकारी गराइएको थियो। कार्यक्रममा ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक मणिराम थापा, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्की, परिवर्तन नेपालका रणधीर वर्णवाललगायतको सहभागिता थियो। सडक दुर्घटना न्यूनीकरणका लागि जेठ १ गतेदेखि वीरगंजमा जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साको आयोजना र विभिन्न सङ्घसंस्थाहरूको सहकार्यमा सडक सुरक्षा सप्ताह सञ्चालन भइरहेको छ।


जनमत पार्टी पर्साले भ्रष्टाचारको विरुद्धमा शुक्रवार चौथो दिन पनि घण्टाघरमा धर्ना प्रदर्शन गरेको छ। नक्कली भुटानी शरणार्थी प्रकरण र मधेस प्रदेशमा भएका भ्रष्टाचारको छानबीन गरिनुपर्ने र दोषीमाथि कारबाई गरिनुपर्ने मागसहित जनमत पार्टीले वीरगंजमा चार दिनदेखि लगातार प्रदर्शन गर्दै आएको छ। तस्वीरः प्रतीक

# गापाका बोर्ड सदस्यहरूको लागि कार्यशाला गोष्ठी

प्रस, पोखरिया, ५ जेठ/

क्याप्टिभेटिङ इन्टरनेशनल फाउन्डेशनको सहयोग र आसमान नेपालको आयोजनामा सञ्चालित 'बालिकालाई पछाडि नपारौं' परियोजना अन्तर्गत शुक्रवार जीराभवानी गाउँपालिकाका बोर्ड सदस्यहरूका लागि एक दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

कार्यक्रममा गापा अध्यक्ष अनोज चौधरीले अझै पनि यस पालिकाका बालिकाहरू विभिन्न बहानामा विद्यालय नजाने गरेको बताए। अभिभावकहरूले आर्थिक लाभ लिन बालिकाहरूलाई शिक्षाबाट वञ्चित गराएको बताए।

उनले खासगरी दलित समुदायका बालिकाहरू माछा मार्ने, जङ्गल जाने, बाख्रा चराउने गरेको बताए। हाल आसमान नेपालले सञ्चालन गर्ने कार्यक्रमबाट त्यस्ता बालबालिकाहरू विद्यालय जान सक्ने विश्वास व्यक्त गरे। गापाध्यक्ष चौधरीले आसमान नेपालले सञ्चालन गर्ने कार्यक्रममा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा पालिकास्तरीय १३ सदस्यीय परियोजना सल्लाहकार समिति गठन गरिएको थियो। अध्यक्ष चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडाध्यक्ष रामशरण खवास, सुरजराय थारू, राजेश्वरदास थारू, बोर्ड सदस्य सरोज चौरसिया, शिक्षा शाखा प्रमुख शिवराज फुयाँल, उपाध्यक्ष रेखा चौधरी, आसमान नेपालका कार्यक्रम प्रबन्धक सञ्जीवकुमार गुप्तालगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण पालिका संयोजक धर्मेन्द्र चौरसियाले गरेका थिए।

# काठ र साइकल बरामद

प्रस, वीरगंज, ५ जेठ/

सबडिभिजन वन कार्यालय सबैया र प्रहरी चौकी मिलनचोक, बडनियारको टोलीले पाँच थान सालको गोलिया काठ र दुईवटा साइकल बरामद गरेको छ।

गस्तीको क्रममा राष्ट्रिय वन फडानी गरेर सालको काठ ल्याउने क्रममा तस्करहरूले साइकल र त्यसमा लोड गोलिया काठ फ्याकेर गएको र वन तथा प्रहरीको टोलीले बरामद गरेको थियो। बरामद काठ ३० क्युफिट रहेको र सबडिभिजन वन कार्यालय सबैयामा राखिएको बताइएको छ।


तस्वीरः प्रतीक

## ३२ किलो गाँजा बरामद

प्रस, वीरगंज, ५ जेठ/

पर्सा प्रहरीले ३२ किलो ३८० ग्राम गाँजा बरामद गरेको छ। पटेर्वासुगौली गाउँपालिका-५ देउरिया र जीराभवानी गापा-५ शङ्करसरैयाको बीचको चौरबाट सो लागूऔषध बरामद भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

सूचनाको आधारमा सो ठाउँमा गस्ती गर्न गएको प्रहरीलाई देखेपछि तीनजना व्यक्तिले दुईवटा झोलामा रहेको गाँजा फालेर गएको र सो गाँजा ३२ किलो ३८० ग्राम रहेको प्रहरीले जनाएको छ। बरामद गाँजा इप्रका, पटेर्वासुगौलीमा राखिएको छ।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## आर्मी र खुमलटारबीचको खेल बराबरी

काठमाडौं, ५ जेठ/रासस

शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल प्रतियोगिता अन्तर्गत शुक्रवार भएको विभागीय टोली त्रिभुवन आर्मी क्लब र एफसी खुमलटार क्लबबीचको खेल बराबरीमा सकिएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा आर्मी र खुमलटार क्लबबीचको खेल दुई-दुई गोलको बराबरी सकिएको हो। खेलमा सुरुआती अग्रता भने आर्मीले लियो। आर्मीका लागि जगजीत श्रेष्ठ र नवयुग श्रेष्ठले एक/एक गोल गरे।

यता खुमलटारका मेसुके ओलुमोउ र स्टेफेन समिरले एक/एक गोल गरे। खेलको १४औं मिनेटमा आर्मीका जगजीतले फ्री किकमार्फत गोल गर्दै आर्मीलाई सुरुआती अग्रता दिलाए। त्यस्तै, खेलको ३५औं मिनेटमा खुमलटारका मेसुकेले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए। त्यसपछि खेलको ५१औं मिनेटमा आर्मीका नवयुगले गोल गर्दै खेललाई दुई-एकको स्थितिमा ल्याए।

त्यसपछि खेलको ७५औं मिनेटमा खुमलटारका स्टेफेन समीरले गोल गर्दै खेललाई दुई/दुई गोलको बराबरीमा ल्याए। यसपछि खेलमा गोल हुन सकेन र खेल दुई-दुई गोलको बराबरीमा सकियो। यस बराबरी खेलसँगै आर्मीले १९ खेलमा २६ अङ्क जोडेको छ भने समान खेल खेलको खुमलटारले १८ अङ्क जोडेको छ।

# विद्यार्थीहरूलाई भोजपुरी भाषाबारे प्रशिक्षण

दिनेश मिश्र, वीरगंज, ५ जेठ/

भोजपुरी समाजको आयोजनामा भोजपुरी भाषा र संरक्षण तथा विशेषताबारे साउथजोन माविमा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

समाजका अध्यक्ष ध्रुवसिंह ठकुरीले निरन्तररूपमा भोजपुरी भाषाको विशेषता तथा लोप भइरहेका भोजपुरी लोकसंस्कृतिको विषयमा समाजले विद्यालयस्तरबाट जागरण कार्यक्रम सञ्चालन गर्दै आएको बताए।

वीरगंज-१३ राधेमाईस्थित साउथजोन माविमा अध्ययनरत छात्रछात्राहरूलाई आज भोजपुरी भाषाबारे जानकारी गराइएको थियो।

विद्यालयका प्रधानाध्यापक सरोज चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा समाजका अध्यक्ष ठकुरीले आफूद्वारा रचित भोजपुरी गीत सुनाएका थिए। उनले समाजबाट परम्परागत भोजपुरी गीतहरू लोप भएका र अश्लीलता हाबी भएकोले भोजपुरी भाषाप्रति आकर्षण घटेको बताए। उनले समाजले भोजपुरी भाषाको उत्थानका लागि काम गरिरहेको र आगामी केही वर्षमा यसको प्रतिफल देखिने बताए।

समाजका सचिव राजेन्द्र सिंह राजपूतले भोजपुरी भाषाको संरक्षण र

(बाँकी पाँचौं पातामा)


# घातक विषादीको प्रयोग नगरौं।

- विषादीको प्रयोगले क्यान्सर, मस्तिष्कसम्बन्धी रोग, छालाको एलर्जी, आँखा पोल्ने, रिङ्गटा लाग्ने, टाउको तथा शरीर दुख्ने जस्ता समस्याहरू देखिन सक्छन्।
- विषादीको जथाभावी प्रयोगले मानिसको प्रजनन क्षमतामा समेत ह्रास आउन सक्छ।
- विषादीले पर्यावरणीय असन्तुलन निम्त्याउँछ।
- माटोको उर्वराशक्तिमा ह्रास भई समग्र उत्पादकत्वमा ह्रास ल्याउँछ।

त्यसैले,
कृषि उत्पादनमा हानिकारक विषादीको प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




सावित्रीको निस्स्वार्थ प्रेमको दृष्टान्तलाई बटसावित्री व्रतका रूपमा हरेक वर्ष ज्येष्ठ औंसीमा सम्झना गर्दै मनाइने गरिन्छ। विवाहित महिलाहरूले आजका दिन पतिको दीर्घायुको लागि व्रत बस्ने गर्छन्। शुक्रवार वर-पीपलको पूजा गरेर उनीहरूले व्रत मनाएका छन्। तस्वीरः नितेश कर्ण

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | इलाका प्रहरी छपकैया | रक्तदान | छपकैया | ६:३० |
| २) | जिल्ला ट्राफिक पर्सा | रक्तदान | ट्राफिक कार्यालय | ७:०० |
| ३) | बगही युवा क्लब | रक्तदान | बगही, वीरगंज | ७:०० |
| ४) | महालक्ष्मी विकास बैंक | रक्तदान | कलैया उपमहानगर | ७:३० |